का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १४५
❒ १५ साउन २०७७, विहीबार
❒ 30 July 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: बुधबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १९२७३ जना | १४०२१ जना | ३५८३४४ | ५२०३ | ४९ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ६९ लाख ५९ हजार | १ करोड ५ लाख ८ हजार | ६ लाख ६४ हजार | ५७ लाख ८६ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# लाग्यो महाधिवेशन चर्कियो शक्ति संघर्ष

■बुधबार केन्द्रीय मूख्यालयमै असन्तुष्टहरुको भेला ■विधान बिपरीत सभापति चलेको निष्कर्ष ■गोविन्दराज जोशीलाई कारबाही, सुनिल थापालाई स्वागत

**प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस कोभिड महामारीकै बीच महाधिवेशनमय बनिसकेको छ । महाधिवेशन लक्षित गतिविधिकै कारण काँग्रेसभित्र आरोपप्रत्यारोप देखि भेला तथा छलफल बढेको छ ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ साउन ।



मुलुक कोभिड महामारीको त्रासमा रहेकै बेला प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसलाई भने महाधिवेशनको चटारो लागेको छ । गुटगत भेला, छलफल, पार्टी प्रवेश देखि कार्बाही प्रकरणले काँग्रेसलाई महाधिवेशन लागेको प्रष्ट संकेत मिल्छ । सभापति शेरबहादुर देउवा पक्षले आधिकारिक फोरम मार्फत गतिविधि बढाएको छ भने संस्थापन इतर समूहले व्यक्तिगत तवरमा र गुटगत रुपमा छलफल चलाएको छ ।

बुधबार मात्रै संस्थापन इतरका नेताहरु रामचन्द्र पौडेल, महामन्त्री शशांक कोइराला, कोषाध्यक्ष सितादेवी यादव, पूर्व महामन्त्री प्रकाशमान सिंह लगायतको भेला भएको छ । यो भेला पार्टी मूख्यालय सोनपामै भएको थियो । सानेपा भेलाको मकसद महाधिवेशन केन्द्रीत नै हो । तर, भन्नालाई भने सभापति देउवा बिधान बिपरीत चलेकाले कसरी रोक्ने भन्ने भनिएको थियो । काँग्रेसका एक नेता संस्थापन इतरको भेला मूख्यालयमै चल्नुको सन्देश काँग्रेसलाई महाधिवेशन लागेको रुपमै लिनुपर्ने बताउँछन् ।

संस्थापन इतरका शीर्ष नेताहरु कहिले मूख्यालय त कहिले चाक्सीबारी र महाराजगञ्जमा भेला भइरहेका छन् । उता, जिल्ला सभापतिहरुले यो अवधिमा थुप्रै भेला राखिसकेको छ । केही समय अगाडि मात्रै भक्तपुरमा भातृ संस्थाका वर्तमान र पूर्व नेताहरु सहित जिल्ला सभापतिहरुको भेला भएको थियो ।

> **गुटगत भेला, छलफल, पार्टी प्रवेश देखि कारबाही प्रकरणसम्म**

उता, संस्थापनले भने उपसभापति विमलेन्द्र निधि नेतृत्वको नीति, अध्ययन प्रतिष्ठानमार्फत् गतिविधि अगाडि बढाएको छ भने सभापति देउवाले चार वर्ष पछाडि विभागीय सदस्य थपिरहेका छन् । यो बीचमा २८ बाट बढाएर ४७ विभाग बनाउनेमा पनि संस्थापनले धेरै भन्दा धेरै मानिस आफ्नोलाई अवसर दिएर आगामी निर्वाचन जित्नु नै हो । तर, संस्थापन इतरले भने यो निर्णयको कडा विरोध जनाइरहेको छ ।

काँग्रेसलाई महाधिवेशनको चटारो लागेको र शक्ति संघर्ष चर्किएको अर्को उदाहरण हो, २०७४ को निर्वाचनमा परेको उजुरीको सुनुवाई भर्खरै हुनु । अनुशासन समितिको निर्णय भन्दै पुराना नेता गोविन्दराज जोशीलाई पाँच वर्षका लागि कार्बाही गरेको छ । यसले एउटा महत्वपूर्ण शक्तिलाई महाधिवेशनबाट बञ्चित गराएको छ । पूर्व महामन्त्री प्रकाशमान सिंहले त यो निर्णयको विरोध नै जनाइरहेका बाँकी पृष्ठ २ मा

# नाटकीय सन्नाटा

**मंगलबार दुई पार्टीको झल्को दिनेगरी बालुवाटारमै छुट्टा-छुट्टै निर्णय र गतिविधि गरेको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टीमा बुधबार नाटकीय रूपमा मौनता देखियो ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन ।



मंगलबार दिनभर देखिएको गतिविधिले सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एउटै नरहेको नै सन्देश दिन्थ्यो । कतिसम्म भयो भने प्रधानमन्त्रीकै सरकारी निवासमा उनी इतरका नेताहरुको बहुमतबाट बैठक चल्यो । यो बैठकलाई स्थायी कमिटीकै संज्ञा दिएर प्रधानमन्त्री केपी शर्मा ओलीले चालेको कदम बिधि बिपरीत र अनुचित भएको निष्कर्ष नै निकाल्यो । त्यस अगाडि प्रधानमन्त्री ओलीले एक्लौटी निर्णयका आधारमा जारी स्थायी कमिटी बैठक अनिश्चितकालका लागि स्थगित भएको सूचना जारी गरेका थिए ।

मंगलबार कुन नेता कुन पक्षमा रहेछन् भन्ने निर्णायक गतिविधि समेत देखिएको थियो । त्यसमा उपाध्यक्ष वामदेव गौतमको भूमिकाले महत्वपूर्ण अर्थ राखेको थियो । प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट ओलीले राजीनामा दिनुपर्छ भन्ने सार्वजनिक अभिव्यक्ति दिने गौतमले मंगलबार प्रेस नोट जारी गरेर दुवै पद छोड्न नपर्ने बताएका थिए । तर, गौतम फेरि प्रधानमन्त्री इतर समूहको भेलामा समेत बसे ।

साँझ भने यिनै गौतमलाई भेट्न ओली परिवारसहित भैसैंपार्टी नै पुगेका थिए । अझ भीम रावलको यूटर्न, कार्यकारी अध्यक्ष प्रचण्ड निकट मानिने रामबहादुर थापा बादल, टोपबहादुर रायमाझी, लेखराज भट्ट र मणि थापा निर्णायक बैठकमा अनुस्थिति रहनुले पनि नेकपाभित्र नयाँ परिस्थिति निर्माण भएको छ । यो परिस्थितिकै कारण बुधबार भने नेकपामा नाटकीय सान्नटा देखियो । न कुनै भेटवार्ता भयो, न कुनै निर्णय नै आएको छ ।

यसलाई नेकपाका नेता मणि थापा नाटकीय सान्नटाका रुपमा स्वीकार्छन् । उनी भन्छन्, "बदलिएको समीकरणले नेकपा संकटबाट मुक्त हुने संकेत पनि देखिन्छ । किनभने, कोही पनि अब निर्णायक रहेनन् ।"

तर, कसरी अब संकट मोचन हुन्छ भन्ने अझै प्रष्ट छैन । किनभने, बैठक नै अनिश्चित भएको छ । नेकपामा गएको असार १० गते देखि शुरु भएको थियो र असार १७ गते देखि लगातार एघार पटक स्थगित भइसकेको छ । गएको साउन ६ गते बाढी र पहिरो जस्ता प्रकोपमा परेकाहरुलाई उद्धार गर्न भन्दै एक साता बैठक स्थगित गरेको थियो । तर, मंगलबार बैठक बस्न सकेन । यो अवधिमा दुई अध्यक्ष समेत भेटवार्ता हुन सकेन ।

शुक्रबार ओली र प्रचण्ड बीच भेटवार्ता भएपनि सार्वजनिक रुपमै यसपछि प्रचण्डले ओली विरुद्ध खनिएर सार्वजनिक अभिव्यक्ति दिएका थिए । उनले अहिलेको सम्पूर्ण समस्याको जड नै ओली भएको बताए । त्यसपछि साउन ११ र १२ गते भने ओलीलाई दाहाललाई सचिवालय बैठक बोलाउन भन्दै बोलाएका थिए ।

तर, एकै पटक स्थायी कमिटीमै बस्ने प्रचण्डको जवाफ पछि ओलीले एक्लौटी निर्णयका आधारमा बैठक अनिश्चितकालका लागि स्थगित गर्ने निर्णय गरेका थिए । तर, एक दिन अगाडि खुमलटारको छलफलमा टसमस नभएका प्रचण्ड पक्षले भने बैठक बाँकी पृष्ठ २ मा

# पैसा तिरेर परीक्षण

**बुधबार थप २१० जनामा संक्रमण पुष्टि भएको छ । त्यस मध्ये डोटीमा मात्रै ३७ जना छन् भने पर्सामा ३४ जना थपिएका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन ।



*काभ्रेपलाञ्चोक जिल्लाबाट अरनिको राजमार्ग हुँदै काठमाडौं उपत्यका प्रवेश यात्रुहरूको काभ्रेपलाञ्चोकको साँगामा स्वाव लिइदै । तस्वीरः पेमा लामा, रासस*

बुधबार २१० जनामा कोरोना संक्रमण पुष्टि भएको छ । त्यस मध्ये डोटीमा सवैभन्दा बढी डोटीमा ३७ जना छन् भने पर्सामा ३४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । यो सहित नेपालमा संक्रमण संख्या १९ हजार २३७ पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुधबार १४६ जना डिस्चार्ज भएका छन् । मन्त्रालयले डिस्चार्ज हुनेको संख्या १४ हजार २१ पुगेको छ । नेपालमा अहिलेसम्म ४९ जनाको मृत्यु भइसकेको छ ।

**पैसा तिरेर पनि परीक्षण**

सरकारले शुल्क लिएर कोभिड-१९ को आरटी-पिसिआर परीक्षण गर्न अनुमति दिएसँगै विध म्यानेजमेन्टद्वारा सञ्चालित कोभिड-१९ प्रयोगशालाले कोरोना भाइरस परीक्षण गर्ने तयारी गरेको छ ।

सरकारबाट अनुमति पाएसँगै उक्त प्रयोगशालाले बिहीबारदेखि औपचारिक रुपमा कोरोनाको परीक्षण थाल्ने सञ्चालक विके भण्डारीले जानकारी दिए । ललितपुरको कुपण्डोलमा रहेको उक्त ल्याबले दैनिक चार हजारभन्दा बढी नमूना परीक्षण गर्ने र पाँच घण्टामै 'रिपोर्ट' उपलब्ध गराउने विध म्यानेजमेन्टले जनाएको छ । प्रयोगशालामा पाँच थान अटोमेटिक आरएनए बाँकी पृष्ठ २ मा

# कामदार उद्धार निर्देशिकाप्रति व्यवसायीहरूको असहमति

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) माहामारीका कारण वैदेशिक रोजगार क्षेत्रमा पारिरहेको तत्कालीन र दीर्घकालीन असर हरुलाई कम गर्ने विषयमा सरोकारवालाहरको सुझाव लिने क्रम जारी राखेको छ । सोही क्रममा संघले बुधवार संघसँग आवद्ध विभिन्न क्षेत्रीय, भेगीय र जातीय संघसंस्थाका प्रमुखहरुसँग छलफल गरेको छ । संघले यसअघि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका कार्यसमिति सदस्यहरुसँग छलफल गरेको थियो ।

संघका अध्यक्ष विष्णुप्रसाद गैरेको सभापतित्वमा भएको बुधबारको छलफलमा वैदेशिक रोजगार नेवाः समाजका अध्यक्ष किसन प्रधानसहित पदाधिकारी, वैदेशिक रोजगार सामाखुशी एकता समाजका अध्यक्ष हरि बहादुर पाण्डे क्षेत्रीसहित पदाधिकारी, तराई वैदेशिक रोजगार फोरमका अध्यक्ष शीतल प्रसाद यादवसहित पदाधिकारी, वैदेशिक रोजगार व्यवसायी धौलागिरी समाजका त्रिलोक चन्द विश्वास तथा पदाधिकारी, समाजवादी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष अख्तर हुसेन तथा पदाधिकारी र वैदेशिक रोजगार तामाङ व्यवसायी समाजका प्रतिनिधि र संघका पदाधिकारीहरु सहभागी रहेका थिए ।



सरकारले कोभिडको विश्वव्यापी संक्रमणका कारण वैदेशिक रोजगारीमा रहेका र रोजगारीका क्रममा अलपत्र परेका कामदारको उद्धार गरी स्वदेश फिर्ताको लागि जारी गरेको निर्देशिका २०७७ मा रहेका कतिपय आपत्तिजनक प्रावधानहरुमा छलफल केन्द्रित रहेको महासचिव सुजित कुमार श्रेष्ठले जानकारी दिए ।

निर्देशिकाको दफा ९ मा अलपत्र परेका कामदारलाई स्वदेश फिर्ताका लागि हवाइ टिकटका लागि पहल गर्ने र कामदारले रोजगारदाताबाट पाउनुपर्ने पारिश्रमिकलगायतका सुविधा दिलाउने दायित्व ईजाजतपत्र प्राप्त संस्थाहको हुने उल्लेख छ ।

व्यवसायीहरुले कोभिडका कारण कतिपय रोजगारदाताहरु नै संकटमा परेको, रोजगारदाताहरुलाई सम्वन्धित देशका सरकारले कामदारहरुसँग छलफल गरी तलवी वा बेतलवी विदामा राख्ने अनुमति दिएको अवस्थामा कामदारको पारिश्रमिक लगायतका सेवा सुविधा दिलाउने जिम्मेवारी एक पक्षीयरुपमा ईजाजतपत्रवालालाई तोक्ने निर्देशिकाको शर्त अव्यहारिक रहेकोले त्यसलाई सच्चाउनुपर्ने बताएका छन् ।

आगामी भदौ एक गतेदेखि अन्तर्राष्ट्रिय उडान बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## सञ्चालक र कर्मचारीको विवरण बुझाउन उर्दी

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन बुझाउँदा संस्थाका सञ्चालक तथा कर्मचारीहरुको विवरण पनि बुझाउन वैदेशिक रोजगार व्यवसायीहरुलाई आग्रह गरेको छ । विभागले बुधवार एक जरुरी सूचना जारी गर्दै उक्त आग्रह गरेको हो ।

विभागले सूचनामा वैदेशिक रोजगार वयवसाय सञ्चालनका लागि ईजाजतपत्र प्राप्त संस्थाहरुले आर्थिक वर्ष २०६७/०७७ को वीर्षक विवरण बझाउन आउँदा संस्थाका सञ्चालक तथा कर्मचारीहरुको विवरण अनिवार्यरुपमा विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा प्रविष्टी गरी त्यसको प्रिन्ट प्रतिमा संस्थाको सिल तथा दस्ताखतसहित प्रमाणित गरी पेश गर्नुपर्ने उल्लेख गरेको छ ।

हाल व्यवसायीहरुले वैदेशिक रोजगारमा गत वर्ष पठाएका कामदार हरुको विवरण सभावेश गरी वार्षिक प्रतिवेदन विभागमा बुझाउन शुरु गरेका छन् । श्रम, रोजगार तथा सामाजिक बाँकी पृष्ठ २ मा

सार्वजनिक सम्पत्तिमा प्रत्येक नागरिकको हक छ, त्यसमा दुरूपयोग दण्डनीय अपराध हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सुरक्षाकर्मीमा कोरोना संक्रमण बढ्दो, ३ सय ८२ जना संक्रमित

**काठमाडौं/रासस–** मुलुकमा बन्दाबन्दी अन्त्य भए पनि कोभिड-१९ को जोखिम कायमै छ । आर्थिक गतिविधि चलायमान भएसँगै मानिसको चहलपहल बढ्दा संक्रमणको जोखिम बढाउँछ ।

यो अवस्थामा भौतिक दूरी कायम गर्ने, मास्क र स्यानेटाइजरको प्रयोग गर्ने, पटकपटक साबुनपानीले हात धुने र भीडभाडमा नजाने गर्दा संक्रमणबाट जोगिन सकिन्छ । भीडभाड बढ्दा मानिसले चाहेर पनि भौतिक दूरी कायम गर्न नसक्ने हुँदा अब अझै सावधानी जरुरी रहेको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा.जागेश्वर गौतमले बताए ।

आमनागरिकसँगै सुरक्षाकर्मीमा देखिएको पछिल्लो सङ्क्रमणले समेत जोखिम बढेको महसुस गर्न सकिन्छ । नेपाल प्रहरीको मुख्यालय प्रहरी प्रधान कार्यालयमा साउन ११ गते चार जनामा कोभिड-१९ देखियो । त्यसपछि कन्ट्रयाक्ट ट्रेसिङ गर्दा मंगलबारको परीक्षणमा थप ३१ जनामा कोभिड-१९ पुष्टि भयो ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक नीरजबहादुर शाही पछिल्लो चरणमा प्रहरीमा कोभिड-१९ संक्रमण बढेको बताउँछन् । 'पहिले पनि सुरक्षा मापदण्ड बनाएर काम गरिएको थियो, हेडक्वाटरमै संक्रमण देखिएपछि अझै थप सावधानीका साथ खटिन निर्देशन दिएका छौं', शाहीले भनेे । मंगबार सशस्त्र प्रहरीमा पनि एकजनामा कोभिड-१९ देखिएको छ । प्रहरीमा अहिलेसम्म २०६ जनामा संक्रमण भइसकेको छ ।

अहिलेसम्मको प्राप्त विवरणअनुसार चार सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) का कूल ३८२ जनामा संक्रमण देखिइसकेको छ । अझै पनि १४१ जना उपचाररत रहेका छन् तर जटिल खालका बिरामी भने नभएको जनाइएको छ ।



हालसम्म नेपालमा १९ हजारमा कोभिड-१९ देखिएकामा झण्डै १४ हजार निको भएर घर फर्किसकेका छन् । पाँच हजार उपचारमा छन् । कोरोनाका कारण ४९ जनाको निधन भएको छ ।

पहिले कोभिड-१९ को संक्रमण फैलिन नदिन सरकारले जारी गरेको बन्दाबन्दीको आदेश कार्यान्वयन गर्न सुरक्षाकर्मी अग्रपंक्तिमा थिए । साउन ६ गतेदेखि लकडाउन अन्त्य भएसँगै मानिसको चहलपहल बढ्दा र व्यवसाय सञ्चालन हुँदा पनि अग्रपङ्क्तिमा खटिने सुरक्षा निकाय नै हो । त्यसकारण सुरक्षाकर्मी थप जोखिम हुने स्वास्थ्य विज्ञको भनाइ छ ।

सुरक्षाकर्मीले उपलब्ध व्यक्तिगत स्वास्थ्य सुरक्षा अपनाउँदै कार्यस्थलमा काम गरिरहे पनि कतिपय सुरक्षाकर्मीलाई कोभिड-१९ को संक्रमण भएको छ । आम समुदायसँग नियमित सम्पर्कमा पुग्ने सुरक्षाकर्मीमा संक्रमण हुँदा नागरिकमा सर्ने सम्भावना बढी हुन्छ ।

मानिसको भीडभाड रोक्नुपर्ने अवस्थामा सुरक्षाकर्मीले चाहेर पनि भौतिक दूरी कायम गर्न सकेका हुँदैनन् । अझै पनि सुरक्षामा अपनाउनुपर्ने मापदण्ड पूर्णरुपमा प्रयोग गर्न सकेका छैनन् । सामान्य कपडाको मास्कमै कार्यस्थलमा खटिएका छन् । संक्रमणको जोखिम हुन्छ भन्ने आँकलन गरेरै प्रहरीले उच्च मनोबलका साथ काममा खटिएको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेल बताउनुहुन्छ । जोखिम रोक्न नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले आवश्यक क्वारेन्टिनको व्यवस्थापन गरेका छन् । घर बिदाबाट आएकालाई क्वारेन्टिनमा राखेर स्वास्थ्य मापदण्डअनुसार राखिन्छ ।

बुधबार सम्मको प्राप्त विवरणअनुसार नेपाल प्रहरीका २०६ जनामा संक्रमण देखिएको छ । अहिलेसम्म ९९ जना निको भएर घर फकिए पनि १०७ उपचाररत छन् । सीमा क्षेत्रको सुरक्षामा खटिएको सशस्त्र प्रहरीका ९२ जनामा कोभिड-१९ सङ्क्रमण भएको छ । उनीहरुमध्ये अझै २८ जना उपचाररत रहेका छन् । सीमा क्षेत्रमा प्रत्यक्षरुपमा मानिससँग सम्पर्कमा पुग्नुपर्ने भएकाले पनि संक्रमण देखिएको सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक राजु अर्याल बताउँछन् ।

नेपाली सेनामा पनि संक्रमण बढिरहेको छ । नेपाली सेनामा पहिलोपटक गत जेठ ३ गते संक्रमण देखिएको थियो । त्यसयता अहिलेसम्म कूल ७९ जनामा संक्रमण भइसकको छ । अहिलेसम्म ७२ जना उपचारपछि निको भएको र सात जनाको उपचार जारी रहेको नेपाली सेनाका सूचना अधिकारी सन्तोषबल्लभ पौडेल बताउँछन् ।

उनका अनुसार जनमानसमा सम्पर्कमा जानुपर्ने भएकाले पनि सुरक्षाकर्मीमा जोखिम कायमै छ तर पनि सेनाले कन्ट्रयाक ट्रेसिङ युनिटमार्फत नियन्त्रणको काम जारी राखेको छ । मुख्यगरी नेपाली सेनालाई भारतबाट आउने र तेस्रो मुलुकबाट आउने नेपालीलाई सुरक्षितरुपमा होल्डिङ सेन्टरमा ल्यएर सम्बन्धित क्षेत्रमा पठाउने जिम्मेवारी छ ।

त्यसपछि क्वारेन्टिन व्यवस्थापन र शव व्यवस्थापन सेनाको अर्को जिम्मेवारी हो । सरकारले तोकेको अन्य काममा पनि नेपाली सेना सक्रिय छ । नागरिकको सम्पर्कमा जाँदा आवश्यक सावधानी अपनाउँदाअपनाउँदै पनि केहीलाई संक्रमण देखिएको र त्यो नियन्त्रणमै रहेको पौडेलले बताए । उता राष्ट्रिय अनुसन्धान विभागका चार जनामा कोभिड-१९ देखिएको जनाइएको छ ।

मुलुकको शान्ति सुरक्षा कायम गर्न, आपराधिक घटना रोक्न, अन्य घटना हुँदा आम नागरिकले पहिले सम्झने नेपाल प्रहरीलाई नै हो । सामान्य भीडभाड, झै-झगडा, दुर्घटना, चोरी, झडप, मुलुकका महत्वपूर्ण निर्णय कार्यान्वयनमा नेपाल प्रहरी अग्रपंक्तिमा हुन्छ । त्यसैले अरु निकायमा भन्दा बढी प्रहरीमा संक्रमण देखिएको छ । कोभिड-१९ को नियन्त्रणका लागि नेपालभर ४४ हजार बढी प्रहरी खटिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । सुरक्षाको दोस्रो घेरामा सशस्त्र प्रहरी र त्यसपछि नेपाली सेनाले काम गरिरहेको छ ।

# जिल्ला प्रशासन कार्यालय काठमाडौंको सेवा प्रवाहको ढाँचा परिवर्तन



**काठमाडौं/मस–** जिल्ला प्रशासन कार्यालय काठमाडौंले बुधबारदेखि आफ्नो सेवा प्रवाहको ढाँचा परिवर्तन गरेको छ ।

कोरोना भाइरसका कारण प्रशासनमा अत्यधिक भिडभाड भएकोले सेवाग्राहीलाई दिइने निश्चित सेवाको लागि छुट्टाछुट्टै बार तोकिएको हो ।

साउन ५ गते बसेको मन्त्रिपरिषद्को निर्णय र काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला संकट व्यवस्थापन केन्द्र (डीसीसीएमसी)को साउन १२ को निर्णय अनुसार सेवा प्रवाहको नयाँ ढाँचा जारी गरिएको प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ ।

साउन १८ गतेदेखि तोकिएका सेवाको लागि छुट्टाछुट्टै दिन तय भएको पनि सूचनामा जनाइएको छ । प्रशासनले नागरिकता प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, नाबालिग परिचयपत्र, राहदानी, हातहतियार दर्ता नवीकरण जस्ता सेवाको लागि नगरपालिका अनुसार सेवा प्रवाह हुने दिन तय गरिएको हो ।

काठमाडौं महानगरका सेवाग्राहीले आइतबार, मंगलबार र बिहीबार मात्रै माथि उल्लेख गरिएको सेवा पाउने छन् । त्यस्तै, कीर्तिपुर, नागार्जुन र चन्द्रागिरि नगरपालिकाका सेवाग्राहीले माथि उल्लेखित सेवा लिनको लागि सोमबार प्रशासन जानु पर्ने छ । बुढानीलकण्ठ, टोखा, कागेश्वरीमनहरा नगरपालिकाका सेवाग्राहीका लागि बुधबार र गोकर्णेश्वर, दक्षिणकाली, शंकरापुर र तारकेश्वर नगरपालिकाका सेवाग्राहीले प्रशासनमा शुक्रबार मात्रै माथि उल्लेखित सेवा पाउने छन् ।

त्यस्तै, नयाँ संस्था दर्ता र नवीकरणमा भने प्रशासनले पुरानै व्यवस्थालाई निरन्तरता दिएको छ । जस अनुसार नयाँ संस्था दर्ताको काम सोमबार र बुधबारका लागि तोकिएको छ ।

नवीकरणको कामका लागि आइतबार, मंगलबार र बिहीबार तोकिएको छ । पत्रपत्रिका/ छापाखाना दर्ता र विधान संशोधनको काम शुक्रबार मात्रै हुने सूचनामा उल्लेख गरिएको छ । संघसंस्थाको प्रतिलिपि पत्रचारसम्बन्धी सेवा भने प्रत्येक दिनको ४ बजेपछि गरिने सहायक प्रमुख जिल्ला अधिकारी तुल्सीराम पौडेलले बताए ।

यसबाहेक शान्ति सुरक्षाको निवेदन र कानुन बमोजिम हुने मुद्दा सम्बन्धी कार्य, सरकारी कार्यालयरआयोजनासँग सम्बन्धित समन्वय र छलफलको काम भने छ दिन नै सञ्चालन हुने सूचनामा उल्लेख छ ।

# संगठनको बृहत्तर हितका लागि अग्रसर हुन आईजीपी थापाको आग्रह

**काठमाडौं/मस–** प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर संगठनको बृहत्तर हितका लागि सबै प्रहरी कर्मचारीहरु अग्रसर हुनुपर्नेमा जोड दिएका छन् ।



प्रहरी प्रधान कार्यालयमा आयोजित प्रहरी अधिकृतहरुलाई दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रममा महानिरीक्षक थापाले सो कुरा बताएका हुन् ।

उनले सामूहिक नेतृत्व सदैव संगठनको हितमा लाभकारी हुने चर्चा गर्दै प्रहरी अतिरिक्त महानिरीक्षकमा पदोन्नति पश्चात नेतृत्व तह थप बलियो भएको बताए ।

आगामी दिनमा संगठनको हितको लागि समेत नेतृत्व तह अत्यन्तै प्रभावकारी हुने उनले विश्वास व्यक्त गरे ।

सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक निरज बहादुर शाही, प्रद्युम्न कुमार कार्की, प्राविधिक प्रहरी उपरीक्षकहरुमा पशुपति कुमार राय र श्याम कुमार मण्डललाई दर्ज्यानी चिन्हद्वारा सुशोभित गरिएको थियो ।

नेपाल सरकार मन्त्रीपरिषदको २०७७ साउन १२ गतेको निर्णयअनुसार शाही र कार्कीलाई प्रहरी नायव महानिरीक्षकबाट प्रहरी अतिरिक्त महानिरीक्षकमा पदोन्नति भएका थिए ।

राय र मण्डल नेपाल सरकार सचिवस्तरको सोही मितिको निर्णय अनुसार नेपाल प्रहरीको सूचना प्रविधितर्फको प्राविधिक प्रहरी नायव उपरीक्षकबाट प्राविधिक प्रहरी उपरीक्षकमा पदोन्नति भएका थिए ।

प्रहरी महानिरीक्षक थापाले पदोन्नति भएका अधिकृतहरुलाई बधाई तथा शुभकामना दिँदै पदोन्नति पश्चात प्रहरी अधिकृतहरुबाट आ-आफ्नो दक्षता अनुरुप थप उर्जासहित व्यावसायिक सेवाको अपेक्षा संगठनले लिएको बताए ।

उक्त अवसरमा पदोन्नति भएका अधिकृतहरूको तर्फबाट मन्तब्य व्यक्त गर्दै प्रहरी अतिरिक्त महानिरीक्षक निरज बहादुर शाहीले आफुहरु पदोन्नति पश्चात प्राप्त जिम्मेवारीप्रति उत्तिकै गम्भीर र इमानदार रहेको बताए । संगठनको नीति निर्देशन र आदेशप्रति सदैव कर्तव्यनिष्ठ रही संगठनको बृहत्तर हित र गरिमालाई थप उचाईमा लैजान मन, वचन र कर्मले कटिबद्ध रही काम गर्ने प्रतिबद्धता उनले व्यक्त गरे । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक डा.आशा सिंह, प्रहरी नायव महानिरीक्षकहरु लगायत वरिष्ठ प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो ।

# 'नेकपाको शक्ति सन्तुलन एकताको पक्षमा देखियो'




काठमाडौं/मस- सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य मणि थापाले मंगलबारबाट नेकपाको शक्ति सन्तुलन एकताको पक्षमा देखिएको स्पष्ट पारेका छन् ।

बुधबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै थापाले भने,'म एकताको पक्षमा छु । म महाधिवेशनबाट नयाँ नेकपा बनाउने पक्षमा छु । अबको एकता महाधिवेशनबाट नयाँ पुस्तामा नेतृत्व हस्तान्तरण हुनुपर्छ भन्ने पक्षमा छु ।'

उनले पार्टीभित्र पछिल्लो समय चलेको बहस र आन्तरिक संघर्षले पार्टी टुट/फूट हुने हो कि भन्ने आम नेता तथा कार्यकर्तामा चिन्ता भएपनि पार्टी फुटको चरणमा नभएको दाबी गरे ।

थापाले मंगलबार बैठकमा आफू अनुपस्थित भएको पनि सुनाए ।

मंगलबारको बैठकमा उपाध्यक्ष वामदेव गौतमले पार्टी एकताको पक्षमा राखेको ६ बुँदे प्रस्ताव सही रहेको र आफूलगायत ११ जना स्थायी कमिटी सदस्यहरूले यसअघि नै त्यही आशयको प्रस्ताव ल्याईसकेको पनि उनले जानकारी दिए ।

उनले भने,'वामदेव कमरेडको ६ बुँदे प्रस्ताव एकताकै जगमा उभिएको छ ।' वामदेव गौतमको ६ बुँदे प्रस्ताव र मंगलबारको बैठकमा सचिवालय सदस्य रामबहादुर थापा 'बादल' अनुपस्थित् भएसँगै नेकपाको शक्ति सन्तुलनमा पनि फेरबदल आएको उनको दाबी छ ।

उनले मंगलबारबाट नेकपा सहमति, सहकार्य र एकताको पक्षमा आएको विश्वास व्यक्त गरे ।

उनले बहुमत/अल्पमतको आधारमा नभई सहमतिको आधारमा निर्णय हुनुपर्ने पनि धारणा राखे ।

### लाग्यो ...

छन् भने पूर्व पञ्चहरुको पार्टी राप्रपाका संस्थापक नेता सूर्यबहादुर थापाका पुत्र सुनिल थापालाई मंगलबार मात्रै काँग्रेस भित्र्याइएको छ ।

२०७२ फागुनमा काठमाडौंमा महाधिवेशन गरेको काँग्रेसले एक वर्ष समय थप गर्दै आगामी फागुनमा १४औं महाधिवेशन गर्दैछ । काँग्रेसमा हरेक चार वर्षभित्र महाधिवेशन गर्ने विधान रहेको छ ।

### नाटकीय...

राखेरै छोडे । यसैबीच नेकपाका केही केन्द्रीय सदस्यहरुले केन्द्रीय समिति बैठकको माग गर्दै पार्टीलाई हस्ताक्षर गरेको पत्र बुझाएका छन् । उनीहरुले बुधबार १५२ जना केन्द्रीय सदस्यले हस्ताक्षर गरेको पत्र पार्टी कार्यालयमा दर्ता गरेका हुन् । उनीहरुले दर्ता गरेको पत्रमा नेकपा एकताबद्ध र झनै सुदृढ बनाएर लैजानुपर्ने वर्तामा परिस्थितिमा पार्टी भित्रको विवादले चिन्तित बनाएको उल्लेख छ ।

पत्रमा हाल देखिएका सबै विवाद र समस्याहरुको समाधान पार्टीको बैठकमा गहन छलफल गरी विधि र पद्धती बमोजिम समाधान गरिनुपर्ने ठहर गर्दै पार्टी विधानको धारा ५९ (क) ४ बमोजिम यथाशिघ्र केन्द्रीय समितिको बैठक बोलाइयोस् भनी माग गरिएको छ । नेकपा केन्द्रीय सदस्य नीरज आचार्यले पत्र पार्टी कार्यालयका सचिवलाई बुझाइएको र कार्यालयबाट आजै पार्टी अध्यक्ष र महासचिवलाई बुझाउने बताए ।

### पैसा...

एक्ट्याक्सन मेशिन जडान गरिएको छ । प्रयोगशालाका प्रमुख भण्डारीले कोरोना परीक्षणको दायरा फराकिलो पारी छिटोभन्दा छिटो संक्रमित पहिचान गर्ने सरकारको यस अभियानमा सहभागी हुन पाउँदा खुशी लागेको बताए । उनले सरकारले दिएको नमूना तथा स्वेच्छाले परीक्षण गर्न आउने व्यक्तिको कोरोना परीक्षण गरिने जानकारी दिए ।

सरकारले केही सरकारी तथा निजी प्रयोगशालालाई रु पाँच हजार ५०० शुल्क लिएर कोरोना परीक्षणको अनुमति दिएको भए पनि सो प्रयोगशालाले रु चार हजार ५०० मै कोरोना परीक्षण गर्ने जनाएको छ । "विपद्को समयमा सकिन्छ भने सस्तो मूल्यमा नै परीक्षण गरौं भन्ने सोचका साथ काम गरेका हौ", प्रयोगशालाका प्रमुख भण्डारीले भने ।

कोभिड-१९ को परीक्षणका लागि जनतालाई छिटोछरितो एवं सर्वसुलभ सेवा उपलब्ध गराउने सरकारको यस प्रयासमा आफ्नोतर्फबाट यथासम्भव सहकार्य गर्ने र सहयोग पुऱ्याउने उद्देश्य रहेको विध म्यानेजमेन्टद्वारा आज जारी प्रेस विज्ञप्तिमा जनाइएको छ । पछिल्लो समय सरकारले लकडाउन केही खुकुलो बनाउँदै गएपछि मुलुकभर कोरोना सङ्क्रमणको जोखिम झन् बढेको छ । जसले गर्दा कोरोना परीक्षणको दायरा फराकिलो बनाउनुपर्ने आवश्यकता बढेर गएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विध म्यानेजमेन्टलाई गत असार १२ गते कोभिड-१९ परीक्षणसम्बन्धी प्रयोगशाला स्थापनाका लागि आशयपत्र दिएको थियो । आशयपत्र पाएको एक सातामा नै आफूहरुले प्रयोगशाला स्थापना गरिसकेको प्रमुख भण्डारीले बताए । यसअघि नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकारीले प्रयोगशालाको स्थलगत निरीक्षण गरेका थिए ।

सरकारले यसअघि स्टार अस्पताल र केएमसीलगायत सात वटालाई कोरोना परीक्षणको अनुमति दिइसकेको छ । धुम्बाराहीस्थित ह्याम्स अस्पतालले पनि सःशुल्क कोभिड-१९ परीक्षणको अनुमति पाएको छ । ह्याम्सले शुल्क लिएर बुधबार देखि कोरोना परीक्षण थालिसकेको छ ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर गौतमले केहीदिनअघि मन्त्रालयमा आयोजित नियमित 'प्रेस ब्रिफिङ'मा सरकारी तथा निजी प्रयोगशालामा दैनिक १८ हजार नमूना परीक्षण गर्ने गरी तयारी भइरहेको बताए ।

### कामदार...

शुरु भएपछि स्वदेश फर्किने केही कामदारहरुले बहकाउमा लागेर क्षतिपूर्तिको माग गर्दै व्यवसायीविरुद्ध उजुरी दिने र सरकारले कोरोना भाइरसबाट अतिप्रभावित वर्गमा रहेका व्यवसायी थप समस्यामा पर्नसक्ने भएकाले त्यस विषयमा समयमै स्पष्ट हुनुपर्ने व्यवसायीहरुको माग रहेको छ ।

संघ सबै पक्षसँग छलफल गरी अघि बढ्ने योजनाका साथ छलफल शुरु गरिएको भन्दै महासचिव श्रेष्ठले वैदेशिक रोजगार ऐन र नियमावलीले व्यवसायीले राखेको धरौटीको ब्याजको निश्चित प्रतिशत रकमबाट वैदेशिक रोजगार कोषको व्यवस्था गरी व्यवसायीहरुको क्षमता अभिवृद्धिलगायतका काम गर्ने उद्देश्य रहेको तर हालसम्म त्यसलाई कार्यान्वयनमा ल्याउन भइरहेको आलटालगायतका विषयमासमेत छलफल भएको जानकारी दिए । संघका महासचिव श्रेष्ठका अनुसार संघले यस विषयमा संघका पुर्व अध्यक्षहरु तथा महिला व्यवसायीहरुसँग केही दिनमा छलफल गर्ने तयारी गरेको छ ।

### सञ्चालक...

सुरक्षा मन्त्रालयले सामाजिक सुरक्षा कोषको अवधारणा कार्यान्वयनमा ल्याएपछि व्यवसायीहरुले यसअघि नै विवरण पेश गरिरहेका छन् । तर गत चैत ३० गतेदेखि नै सरकारले वैदेशिक रोजगारीमा जाने कामदार हरुको श्रम स्वीकृति बन्द गरेपछि सबैजसो म्यानपावर कम्पनीहरुले कर्मचारी विदा गरिसकेका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले व्यवसाय सञ्चालनमा रहेको अवस्थामा एउटा म्यानपावर कम्पनीमा न्यूनतम ५ देखि बढीमा २५ जना गरी वैदेशिक रोजगार व्यवसायीहरुका कार्यालयमा कम्तीमा १५ हजारको हाराहारीमा कर्मचारी बेरोजगार रहेको बताएको छ ।

विभागले यसअघि गत वर्ष मंसिरमा सात दिनभित्र सञ्चालक र कर्मचारीहरुको विवरण बुझाउन निर्देशन दिँदै तोकिएको समयमा विवरण नबुझाउने म्यानपावर कम्पनीहरुको कारोवार रोक्का राखिने चेतावनी समेत दिएको थियो । तर यस पटक त्यस्तो चेतावनी दिइएको छैन ।

# 'नेकपाभित्र देखिएको बहसले पार्टी फुट्दैन'

**काठमाडौं/मस–** सत्तारुढ दल नेकपा नेता एबं पूर्वमन्त्री शेर बहादुर तामाङले नेकपा भित्र देखिएको विवाद र बहसले पार्टी अझ बलियो बन्ने दाबी गरेका छन् । बुधबार काठमाडौंमा संवाद क्लव नेपालले आयोजना गरेको अन्तर-संवाद कार्यक्रममा बोल्दै नेता तामाङले पार्टीमा यस्ता किसिमका बहसले पार्टी बलियो बन्ने बताए । सत्तारुढ दल भित्रको आन्तरिक विवाद अझै लम्बिने उल्लेख गर्दै तामाङले पार्टी भित्र जति आन्तरिक विवाद भयो त्यति नै पार्टी बलियो हुने दावी गरे ।

सत्तारुढ दलभित्र समस्या देखा परे पनि कुनै पनि हालतमा पार्टी फुट्न नदिने र पार्टी भित्र यस्ता खालका बहस अझै बढ्नुपर्ने उल्लेख गर्दै नेता तामाङले भने , 'हामी पार्टीलाई एकता बद्ध हुने गरी लागेका छौ । दुई पार्टी बीच मिलेर चुनाव लड्यौ ,गठबन्धनलाई जनताले बहुमत दिए । जनताको यो भावनालाई कदर गर्नु पर्दछ ।'

यद्यपि गणितको खेलमा नेताहरु ब्यस्त रहेकोमा भने पूर्व मन्त्री तामाङले नेताहरुको आलोचना गरे । उनले भने, 'यसरी देश र पार्टी चल्दैन । कार्यकर्ता र आमजनताको भावना बुझ्न जरुरी छ ।' पद्धतिमा हिसाव गर्न र जोड घटाउको खेलमा पार्टी नचलाउन शिर्षनेताहरुलाई नेता तामाङको सुझाव थियो ।

तामाङले प्रत्यक्ष जननिर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीमा मुलुक नगएसम्म राजनीति स्थिरता नहुने बताए । उनले भने, ' २०१५ सालको विपी कोईरालाको नेतृत्वमा बनेको सरकार पुरै समय टिक्न सकेन । त्यस यता ०४६ सालको परिवर्तन पछि बनेका बहुमतका सरकार पनि पुरै समय टिक्न सकेनन् । कारण हाम्रो शासकीय स्वरुप ठिक नभएर हो । अब राजनीतिक दलका बीच सहमति गरेर शासकीय स्वरुप परिवर्तन गर्नु पर्ने बेला आएको छ ।'

कार्यक्रममा नेपाली काँग्रेसका नेता तथा पूर्व गृह राज्य मन्त्री देवेन्द्र राज कंडेलले बर्तमान सरकारले चुनावमा बाचा गरेका कुरा पुरा गर्न छाडेर आन्तरिक बिवादमा फस्नु देशको लागी दुर्भाग्य भएको बताए । उनले प्रतिपक्षी दल नेपाली काँग्रेसमा पनि विवाद रहेको स्वीकारे । सरकारले जुन ढंगले काम गर्नुपर्ने थियो त्यो अहिले सम्म हुन नसकेको भन्दै नेता कंडेलले

देशमा कोभिड १९ कोरोना संक्रमणको व्यवस्थापन गर्न सरकार असफल भएको आरोप लगाए । सरकारले शुसासन कायम गर्न नसकेको र देशमा भष्टाचार बढेर गएको भन्दै नेता कंडेलले स्थानीय तह देखि केन्द्रसम्म भष्टचारले घेरेकोले भष्टाचार नियन्त्रण नगरेसम्म देशको बिकास सम्भव नभएको बताए ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७७/०४/१५)

यस कम्पनीको मिति २०७७/०२/३२ मा सम्पन्न विशेष वार्षिक साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनीको नाम **रेखाङ्कन इन्जिनियरिङ्ग प्रा.लि. (प्रा.लि. नं. १८६१४८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०४/०७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रेखाङ्कन बिल्डर्स प्रा.लि. (प्रा.लि. नं. १८६१४८)** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

# संवैधानिक निकायको वार्षिक प्रतिवेदन अध्ययन गर्न उपसमिति गठन



**काठमाडौं/मस-** प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिले तीन संवैधानिक निकायका वार्षिक प्रतिवेदन अध्ययन गरी सुझाव पेश गर्न गर्न बेग्लाबेग्लै उपसमिति गठन गरेको छ। समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सांसद रेखा शर्मा, निर्वाचन आयोगको सांसद यशोदा सुवेदी र सांसद विजय सुब्बा संयोजक रहेको उपसमितिले लोकसेवा आयोगको वार्षिक प्रतिवेदन अध्ययन गर्नेछ। उपसमितिलाई १५ दिनभित्र वार्षिक प्रतिवेदन अध्ययन गरी सुझाव प्रस्तुत गर्न कार्यदेश दिइएको छ।

बैठकमा सदस्यले लोकसेवा आयोगको प्रतिवेदनमाथिको छलफलमा निजामती सेवाका कर्मचारीको नियुक्ति र बढुवाका लागि निष्पक्ष र स्वतन्त्रढंगबाट काम गर्दै आएको संवैधानिक अंगलाई सरकारको लाचार छायाँ बन्न दिन नहुने बताएका थिए।

केही सांसदले दक्षता, योग्यता र क्षमतावान् कर्मचारी छनोट गर्ने नाममा सामानुपातिक र समावेशी सिद्धान्तविपरीत गएर स्थानीय तहमा किन कर्मचारी भर्ना गरियो भनी आयोग पदाधिकारीसँग स्पष्टीकरण माग गरे।

पूर्वप्रशासक क्वलका रुपमा रही आएका संवैधानिक आयोगको गठनमा परिवर्तनको कुनै गुञ्जायस् देख्नुभएको छ भनी प्रश्न गर्दै सदस्यले आयोगबाट लिने परीक्षाको मापदण्ड घोकन्ते विद्यामा सीमित नगर्न सुझाव दिए। सांसदको जिज्ञासाको जवाफ दिँदै आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीले संविधानको भावनाअनुरुप समावेशी सिद्धान्त कडाइपूर्वक आयोगले लागू गरिरहेको बताए।

'निजामती सेवामा समावेशी प्रतिनिधित्व क्रमशः बढ्दै गएको छ। तर निजामती सेवाको बढुवामा भने कहिल्यै मूल्यांकन विधि त्रुटिरहित र वस्तुगत हुन सकेन' उनले भने।

निजामती सेवा प्रवेश र बढुवाका लागि लिइने खुला प्रतियोगिताको परीक्षामा उम्मेदवारले पाएको अंक हेर्न सकिने प्रविधिको विकास गरिएको बताउँदै अध्यक्ष मैनालीले निजामती सेवामा प्रवेश गर्ने उम्मेदवारको ज्ञान, सीप र प्रवृत्तिकोसमेत परीक्षण गर्ने प्रयास भइरहेको उल्लेख गरे।

उनले भने, 'सुशासनका सिद्धान्त उत्तर पुस्तिकामा भरिपूर्ण लेख्छन्, छनोट भएको भोलिपल्टै घुस खाएका भेटिन्छन्, नैतिकता भर्न सकिने विषय भएन, आफू बसेको घरको जग भत्काउने केही धमिरा, घन र किराले कहिलेकाहीँ आयोगलाई अप्ठ्यारो पारेका घटना भेटिन्छन्, तर उनीहरु कारवाहीको भागेदार भएरै छोड्छन्।'

निजामती सेवामा ५५ प्रतिशत खुला र ४५ प्रतिशत समावेशीसम्बन्धी व्यवस्था भए पनि कतिपय अवस्थामा उम्मेदवारी नहुने तथा परीक्षामा अनुत्तीर्ण भएका कारण १२ वर्षको नियुक्ति र पदपूर्तिको विश्लेषणबाट समावेशी सिट ३८ प्रतिशतमा सीमित रहेको बैठकमा जानकारी गराइएको थियो।

# त्रिविको परीक्षा भदौ तेस्रो साताबाट गर्ने तयारी



**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालय (त्रिवि) को परीक्षा भदौको तेस्रो हप्ताबाट शुरु गर्ने तयारी गरिएको छ। लकडाउन खुलेसँगै विद्यार्थीले दुई हप्ताभित्र काठमाडौं आउने समय मागेकाले भदौ तेस्रो हप्तादेखि परीक्षा गर्ने तयारी थालेको हो।

त्रिवि परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीले स्नातकोत्तर तह र स्नातक तहका सेमेष्टर परीक्षा भदौको तेस्रो हप्ता र वार्षिक परीक्षा असोजको पहिलो हप्तादेखि शुरु गर्ने गरी तयारी थालिएको बताए।

उनका अनुसार भदौको पहिलो हप्ता विद्यार्थी आएपछि १४ दिनसम्म क्वारेन्टिनमा बस्नुपर्ने हुन्छ। अनि त्यसपछि सेमेष्टरको परीक्षा सबैभन्दा कम विद्यार्थीबाट शुरु गर्ने तयारी गरिएको छ। त्रिविले ती परीक्षाका लागि चाँडै नै कार्यतालिका प्रकाशन गर्ने तयारीमा समेत रहेको छ। यसपटक विद्यार्थीलाई पायक पर्ने नजिकका क्याम्पसमा परीक्षा केन्द्र राखिनेछ। त्रिविले गत चैत ७ गतेदेखि कोरोना भाइरस जोखिमका कारण सेमेष्टर तथा वार्षिक सबै परीक्षा स्थगन गरेको थियो। स्नातकोत्तर तहको प्रथम, स्नातक तह दोस्रो र विभिन्न तहका सेमेष्टर प्रणालीका परीक्षा रोकिएका छन्। वार्षिक परीक्षाअन्तर्गत स्नातकोत्तर तह प्रथम र स्नातक तह चौथो वर्षको परीक्षा बाँकी रहेको छ।

व्यवस्थापन संकायको डीन कार्यालयले भने यसअघि नै भदौ दोस्रो हप्तादेखि स्नातकोत्तर तह र स्नातक तह प्रथम, तेस्रो, पाँचौं र सातौं सेमेष्टरको परीक्षा भदौ तेस्रो हप्ताबाट गर्ने जानकारी कार्यालयका सहायक डिन प्रा.डा ध्रुवकुमार गौतमले सूचना प्रकाशित गरिसकेका छन्।

# पहिरोले एकै परिवारका सातसहित ९ जनाको मृत्यु



**कालीकोट/मस-** अविरल वर्षासँगै आएको पहिरोले कालीकोटमा एकै परिवारका सातसहित ९ जनाको मृत्यु भएको छ। जिल्लाको नरहरिनाथ गाउँपालिका ७ को दुई स्थानमा पहिरो जाँदा ९ जनाको मृत्यु भएको हो।

गाउँपालिका अध्यक्ष धीरबहादुर बिष्टका अनुसार बुधबार बिहान करिब २ बजे पहिरो जाँदा एकै परिवारका ७ जनाको मत्यु भएको बताए। उनका अनुसार सो परिवारका बाँकी चार जना भने भागेर ज्यान जोगाएका छन्।

पहिरोमा परी मृत्यु हुनेमा ६५ वर्षीय गंगे बुढा, उनकी श्रीमती ६१ वर्षीया नैना बुढा, २४ वर्षीया बुहारी कुशा बुढा, १० वर्षीया नातिनी चन्द्रीका बुढा, सात वर्षीय नाति राम बुढा, डेढ वर्षीय नाती चरित्र बुढा रहेका छन्। पहिरोले घरसँगै बगेका मध्ये १६ वर्षीया विमला बुढाको उपचारका क्रममा मृत्यु भएको छ।

त्यस्तै मंगलबार राति १२ बजेतिर गएको पहिरोमा परि नरहरिनाथ गाउँपालिका-४ मा दुई जनाको मृत्यु भएको छ। माझगोठीमा गएको पहिरोले बाले बुढाको घर भत्किँदा दुई जनाको मुत्यु भएको हो। मृत्यु हुनेमा ६४ वर्षका काले बुढा र उनकी श्रीमती ६१ वर्षीया मना बुढा रहेका छन्।

# फुल्पिङकट्टी पहिरोमा मृत्यु हुनेको संख्या पाँच पुग्यो



**चौतारा/मस-** सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ फुल्पिङकट्टीमा गएको पहिरोमा पुरिएर मृत्यु हुनेको संख्या पाँच पुगेको छ। गएको साउन १ गतेराति पहिरोले घर पुरेर बेपत्ता भएका दुई जनामध्ये ८४ वर्षीया सोमबुटी शेर्पा र उनकी ४८ वर्षीया छोरी सेमसाङ शेर्पाको १४ दिनपछि बुधबार शव भेटिएको छ। योसँगै मृतकको संख्या पाँच पुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले बताएका छन्।

माथिबाट आएको पहिरोले स्थानीय ग्याल्जेन शेर्पाको घर बगाएपछि उनकी आमा, श्रीमती, बहिनी र दुई छोरीसहित पाँच जना पुरेको थियो।

घरमुली शेर्पा भने राजधानीमा बस्दै आएकाले पहिरोबाट जोगिएका थिए। दैनिक पानी परिरहेकाले माथिबाट लगातार लेदो माटो झर्ने क्रम जारी रहेकाले शव निकाल्न लामो समय लागेको वडाध्यक्ष सानदोर्जे शेर्पाले बताए।

पहिरोबाट एक विद्यालयसहित तीन घर पुर्नुका साथै २४ घर उच्च जोखिममा परेका छन्। विस्थापित १६२ जनालाई विभिन्न सुरक्षित स्थानमा राखिएको वडाध्यक्ष शेर्पाले बताए।

# प्रहरी प्रवक्तामा एसएसपी कडायत



**काठमाडौं/मस-** नेपाल प्रहरीको केन्द्रीय प्रवक्तामा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) कुँवेर कडायतलाई तोकिएको छ।

नेपाल प्रहरीद्वारा सम्पादित जनसरोकारका काम कारवाहीलाई यथार्थ तथा तथ्यगत रुपमा सञ्चार माध्यममा सम्प्रेषण गर्नका लागि कडायतलाई केन्द्रीय प्रवक्ता तोकिएको हो। एसएसपी कडायत प्रहरी महानिरीक्षकको सचिवालयमा कार्यरत थिए।

# उपकुलपतिमा जोशी



**मकवानपुर/मस-** मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिमा प्रा. डा. विश्वराज जोशी नियुक्त भएका छन्।

वाग्मती प्रदेश मन्त्रिपरिषद्को बैठकले डा. जोशीलाई प्रतिष्ठानको उपकुलपतिमा नियुक्त गरेको हो। मुख्यमन्त्री डोरमणि पौडेलको अध्यक्षतामा बुधबार बसेको बैठकले प्रतिष्ठानको उपकुलपतिमा डा.जोशीलाई नियुक्त गरेको सरकारका प्रवक्ता कैलाशप्रसाद ढुंगलले जानकारी दिए। बैठकले वैदेशिक सहयोग प्राप्ति तथा कर छुटका लागि संघीय सरकारलाई सिफारिस गर्ने निर्णय समेत गरेको छ। बैठकले बालअधिकार समितिको सदस्यमा विभिन्न व्यक्तिलाई मनोनयन समेत गरेको छ। प्रदेशमा युवा परिषद् नियमावली संशोधनका लागि पनि सिफारिस गरिएको छ।

# रुकुम घटनाका पीडितलाई पाँच लाख सहयोग




**काठमाडौं/मस-**रुकुमपश्चिमको सोती घटनाका मृतकको परिवारलाई लाख रुपैयाँ आर्थिक सहयोग गरिएको छ।

राष्ट्रिय कलाकार समुहको समन्वयमा उक्त रकम हस्तान्तरण गरिएको हो। बुधबार रिपोर्टर्स क्लब नेपालमा आयोजित पत्रकार सम्मेलनमा वरिष्ठ हाँस्यकलाकार मदनकृष्ण श्रेष्ठले जाजरकोटको भेरी नगरपालिकाका प्रमुख सीपी घर्तीलाई उक्त सहयोग रकम हस्तान्तरण गरेका हुन्।

यही जेठ १० गते भएको घटनामा सोती निवासी सुष्मा मल्लसँग नवराज विश्वकर्माको अन्तरजातीय प्रेम सम्बन्ध भएको र विवाहका लागि साथी लिएर केटीको घरमा जाँदै गर्दा स्थानीयवासीको कुटपिटमा परी मृत्यु भएको थियो। मृतक नवराजको शव भेरी नदीमा भटिएको थियो। नवराजसँगै केटीको घरमा गएका अन्य पाँच जनाको पनि मृत्यु भएको थियो।

सहयोग रकम मृतकका प्रत्येक परिवारलाई पचास हजार हजारका दरले तीन लाख, प्रत्येक घाइतेलाई दश हजारको दरले १२ जनालाई एक लाख २० हजार र कानूनी प्रक्रियाका लागि ८० हजार गरी जम्मा पाँच लाख रकम नगरपालिकाका प्रमुख घर्तीमार्फत पीडितलाई हस्तान्तरण गरिएको हो। सोही अवसरमा वरिष्ठ कलाकार श्रेष्ठले भने, '२१औं शताब्दीमा आएर पनि १६औं शताब्दीको जस्तो व्यवहार गरेकोमा दुःख लाग्यो, दलित शब्द नेपाली शब्दकोषबाट नहटाएसम्म मानिसको मनबाट जातीय विभेद र छुवाछुत हट्दैन।'

कार्यक्रममा पूर्वमन्त्री जितु गौतमले सोती घटनाका दोषीलाई उन्मुक्ति दिने गरी अदालतले फैसला गरेको भन्दै आपत्ती जनाए। उनले न्यायालय शंकाको घेरामा रहेको तर्क गरे।

कार्यक्रममा पत्रकार महासंघका सचिव रेम विश्वकर्माले दलित समुदायलाई मात्र नभएर अन्य पछाडी परेका र अन्यायमा परेका सबैलाई राष्ट्रिय कलाकार संघले सहयोग गर्नुपर्ने बताए। भेरी नगरपालिकाका प्रमुख सिपी घर्तीले सोती घटना अन्तिम हुनुपर्ने र अब यस्तो घटना हुन नहुने बताए।

गायक तथा राष्ट्रिय कलाकार समूहका अध्यक्ष गायक यश कुमारले अमेरिका, अष्ट्रेलिया, युकेलगायत विभिन्न देशबाट रकम संकलन गरिएको जानकारी दिए।

# अस्थायी सडक निर्माण



**मुग्लिन/मस-** बाढीले पुल बगाएपछि चितवनको इच्छाकामना गाउँपालिका-७ का स्थानीयवासीलाई गाउँपालिका कार्यालय कुरिनटार र सदरमुकाम भरतपुर जान कठिनाइ भएको छ। यहि साउन ११ गते राति वर्षासँगै आएको बाढीले वडा नं ७ स्थित हरिपुर पुल बगाएपछि पूर्णरुपमा यातायात अवरुद्ध बनेको छ। अवरुद्ध यातायात पुनः सञ्चालन गराउन तत्काल अस्थायी रुपमा सडक निर्माणको काम शुरु गरिएको गाउँपालिका अध्यक्ष गीताकुमारी गुरुङले बताएकी छन्।

उनका अनुसार अस्थायी सडक निर्माणका लागि खोलामा ह्युम पाइप जडान गरी वरपर ग्याबिन, तार, जाली र ग्राभेलिङ गर्ने काम भइरहेको छ। अस्थायी सडक निर्माणका लागि १२ ह्युम पाइप र ४० ट्रिप ढुंगा ग्राभेल राख्ने काम भएको अध्यक्ष गुरुङले बताइन्। यही साउन १२ गतेदेखि नै अस्थायी सडक निर्माण शुरु गरिएको र एकदुई दिनभित्र अवरुद्ध यातायात सञ्चालन गरिने पनि उनले बताइन्।

झण्डै दुई दशकअघि बनेको पुल बाढीले बगाउँदा इच्छाकामना-७ अन्तर्गत खेतबारी, स्याङ्दी, सिमलढाप, गर्दासलगायत नागरिक हरिपुर पुल हुँदै सदरमुकाम भरतपुर र गाउँपालिका केन्द्र कुरिनटार आउजाउ गर्ने गर्थे। बाढीले पुल भत्काएपछि त्यस भेगका करीब तीन हजारभन्दा बढी नागरिकलाई यातायातमा आउजाउ गर्न समस्या भएको छ।

# झुण्डिएको अवस्थामा युवकको शव फेला

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, १४ साउन



रुकुम जिल्लामा बुधबार बिहान करिब ९ बजेतिर एक युवकको शव झुण्डिएको अवस्थामा फेला परेको छ। जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रहरी प्रमुख ठग बहादुर केसीका अनुसार जिल्लाको बाँफिकोट गाउँपालिका-३ पैँयाबारा निवासी रुद्र बहादुर कामीका छोरा २० वर्षीय धन बहादुर विक झुण्डिएको अवस्थामा फेला परेका छन्।

विक आफ्नै कोठामा डोरीको पासो लगाई झुण्डिएको अवस्थामा शव फेला परेको प्रहरीले मध्यान्हलाई जानकारी दिएको छ। विकले किन, के-कति कारणले झुण्डिएर आत्महत्या गरे या अन्य कुनै कारण भन्नेबारे प्रहरीले अनुसन्धान शुरु गरेको छ भने मृतक विकको शवलाई पोस्टमार्टमको लागी जिल्ला अस्पताल सल्लेमा राखिएको जनाइएको छ।

झुण्डिएको अवस्थामा शव फेला परेको खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बाँफिकोटबाट खटीएको प्रहरी टोली घटनास्थलमा पुगेर शव उठाइएको प्रहरीले बताएको छ।

# काठमाडौंमै पहिरोको जोखिम

**काठमाडौं/मस-** काठमाडौंको चन्द्रागिरि नगरपालिका-१३ का तीन घर पहिराको उच्च जोखिममा पुगेपछि सुरक्षित स्थानमा सारिएको छ।

अविरल वर्षाबाट वडा नं १३ को बोगटी गाउँमा तीन घरलाई पहिराको जोखिम बढाएपछि ती घरलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको हो। पछिल्लो समय बाढीपहिरोका कारण देशैभरि ठूलो जनधनको क्षति पुऱ्याइरहेका बेलामा चन्द्रागिरिमा हुनसक्ने बाढीपहिराको सम्भावित घटनालाई रोक्न नेपाली सेनाको युद्ध कवच गण सीतापाइलाबाट गएको नेपाली सेनाको टोलीले सुरक्षित स्थानमा स्थानान्तरण गरेको हो।

बोगटी गाउँमा सीता रिजाल, पुष्पराज गिरी र तेजकुमारी पौडेलको घरमा पहिराले जोखिम पुऱ्याएपछि स्थानान्तरण गरिएको हो। सेनाको टोलीले तीनै घरको खाद्यान्न लत्ताकपडा सुरक्षित स्थानमा स्थानान्तर गरेको छ।

नगरपालिकाका प्रवक्ता हरिभक्त महर्जनले पहिराको जोखिममा परेका परिवारलाई अस्थायी रुपमा बस्नका लागि त्रिपाल राखेर घर बनाइएको बताए।

यसैबीच काठमाडौंकै दुर्गम तथा विकट मानिने शंकरापुर नगरपालिका-२ पटापको बस्ती जोखिममा परेको छ।

वर्षा शुरु भएसँगै आएको पहिरोले पटापको एकै ठाउँका आठभन्दा बढी घर उच्च जोखिममा परेका छन्। पहिरोले एउटै टोलका यदुनाथ दंगाल, गोविन्द दंगाल, रमेश लामिछाने, दिपु तामाङ तथा कार्की टोलका हीराप्रसाद खड्कालगायतको घर उच्च जोखिममा परेको हो।

## सम्पादकीय

# खुलेको शहरमा डराएको मन

१२० दिन लामो लकडाउन साउन ६ गते खुलेपछि जनजीवन सामान्य बन्दै गएको छ । अन्तर जिल्ला आवागमन, सीमानाकामा बन्देज र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान नखुलेपनि शहरबजारका सम्पूर्ण गतिविधि सञ्चालनमा छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलनका क्रममा हरेक दिनजसो सतर्कता अपनाउन आग्रह गरिरहेको छ भने लकडाउन खुल्नु र खुल्न अगाडिका तथ्यहरूको तुलनात्मक नतिजा सुनाइरहेको छ । मन्त्रालयले केही दिन अगाडिसम्म लकडाउन खुल्नुले खासै फरक नपरेको दावी सहितको तथ्य प्रस्तुत गरिरहे पनि मंगलबारदेखि आफ्नै दावी कमजोर बनेको संकेत दिएको छ ।

हुन पनि मंगलबार राजधानी उपत्यकामा सर्वाधिक ५३ जनामा संक्रमण पुष्टि भएको थियो । त्यस मध्ये काठमाडौंमा मात्रै ४८ जना थिए । बुधबार पनि राजधानी उपत्यकामा १४ जनामा संक्रमण पुष्टि भएको छ । अझ स्वास्थ्यकर्मी र सुरक्षाकर्मीमा देखिएको संक्रमणले बढी त्रसित बनाएको छ । नेपाल प्रहरीको केन्द्रीय कार्यालयमै रहेका प्रहरी अधिकारीहरूलाई संक्रमण पुष्टि भएको छ । सार्वजनिक यातायात खुलेको, बजारपशल खुलेको र सार्वजनिक जमघट पनि बाक्लिएपछि खतरा बढ्ने संकेतले त्रसित बनाउने नै भयो ।

अझ सरकारले आजबाट होटल र रेष्टुरेन्टहरू समेत खोल्ने निर्णय गरिसकेको छ भने भदौ १ गतेबाट सम्पूर्ण लकडाउन खुल्नेछ । यसपछि लकडाउन त खुल्नेछ तर, मन भने खुम्चिएर जाने पक्काजस्तो देखिएको छ । किनभने, अहिले नै चलेका सार्वजनिक सवारीहरूमा सतर्कता अपनाएको देखिदैन भने आममानिसमा पनि पहिले जस्तो उच्च सतर्कताको आवश्यकता नरहेको भान परेको संकेत देखिन्छ । अझ राजनीतिक संक्रमणका कारण सतर्कतातिर ध्यान दिइएको पाइदैन । सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी आफैले सार्वजनिक कार्यक्रम गरिरहेका छन् भने विपक्षी दल नेपाली काँग्रेसलाई महाधिवेशनको चटारो लागिसकेको देखिन्छ । बुधबार मात्रै पनि काँग्रेसको मूख्यालयमै शीर्ष नेताहरूसहितको भेला सकिएको छ । यसले संक्रमण रोकथाममा सत्तारूढ र विपक्षीको डरलाग्दो लापरबाही बढेको छ ।


लामो समयको लकडाउनले खुम्चिएको अर्थतन्त्र र अस्तव्यस्त बनेको जनजीवन सामान्य अवस्था ल्याउनैपर्ने बाध्यताले गतिविधि बढ्ने परिस्थिति बनेको छ भने अर्कातिर रोकथामका लागि सतर्कताको कमीले महामारीलाई डरलाग्दो निमन्त्रण दिने भय बढेको छ । अर्थात्, लकडाउन त खुल्यो, तर खुलेको बातावरण मनहरू भने झनै खुम्चिएको देखिन्छ । यसको एउटै विकल्प सतर्कतामा गम्भीर ध्यान दिनै नै हो । किनभने, हामीसँग फेरि लकडाउन मात्रै निर्विकल्प रहनुहुन्न ।

## सामाजिक सञ्जाल




मान्छेहरू तातो पानी तताएर खान्छु भन्छन् । मैले अहिलेसम्म नबुझेको कुरो तातो पानी भएपछि फेरि किन तताउने होला ? चिसो पानी तताएर पिउँछु कोही भन्दैनन बा ।

**- पवनवर्षा शाह**



मैले बारम्बार नेताहरूको वैभवशाली, बहुअर्बपतिजस्तो जीवनशैलीको स्रोतबारे प्रश्न उठाउँदै आएको छु । जबसम्म नेताहरूका विलासी महल र विलासी जीवनशैलीको आर्थिक स्रोत खुल्दैन, तबसम्म भ्रष्टाचार निवारणका कुरा गर्नु बेकार छ । त्यसकै लागि संवैधानिक नियोगहरूमा पूर्वप्रशासकलाई नियुक्ति गरिन्छ ।

**- गजेन्द्र बुढाथोकी**



यहि हो खोज्नु पर्ने र यो खोज पार्टीले गर्न सक्नु पर्छ अन्यथा यो हात्तीको देखाउने दाँत मात्र हो ।

**- टिकाराम खतिवडा**



गरिब देशमा इन्टरनेट र विद्युत् शुल्क संसार कै महँगोमा पर्छ । मोतियाविन्दु भको सरकारी आँखाले देख्दैन ।

**- सुधांशु केसी**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# अर्थतन्त्र सुधारका लागि अबको बाटो



■ अरूणराज सुमार्गी

> राष्ट्र बैंकहरूको आफ्नो प्रोडक्ट त्यसतर्फ बजारीकरण गर्न सकेको देखिँदैन, तर पनि कृषिमा लगानी भन्नेको भीड भने कम छैन । हिजोका केही सम्भावनामा हाम्रो लगानीको यस्तो गति भयो । कुनै बेला नेपालमा खोलाको सतह धेरै माथि आयो । यसको व्यवस्थापन गर्न हामीले नदीजन्य उत्पादनमा बल पुऱ्याउनुपर्छ भनेको हो ।

शताब्दीकै संकटकालका रूपमा आएको कोरोना भाइरस, यसले निम्त्याएको आर्थिक मन्दी र यसपछिको आर्थिक सुधारका पक्षहरूमा हामीले नेपालमा चाल्नुपर्ने कदमहरूका बारेमा बहस गर्नु जरुरी छ । के हिजो हाम्रो अर्थतन्त्र सबल थियो र ? के यो कालखण्डले निम्त्याएको मन्दीमा हाम्रो अवस्थालाई हामीले कसरी प्रक्षेपण गरेका छौं । कोरोनाको महामारीबाट जुधिरहेको विश्वतन्त्र र हाम्रो देशलाई सहयोग गरिरहेका दातृ देशहरूको अवस्था पुरानै प्रकारको सोचमा रहलान् । यस्ता अनेकन् प्रश्नहरू हाम्रो सामु खडा भएका छन् । हामीले हाम्रो देशको अर्थतन्त्रलाई सबलीकरण गर्न के हाम्रो देशका बैंकहरूको क्षमतामा भर पर्न सक्ने अवस्थामा हामी छौं ? हाम्रो राष्ट्र बैंक र सरकारद्वारा प्रस्तुत हुन लागेको मौद्रिक नीतिले हामीलाई कतिसम्म सहयोग पुग्नेछ । विगतका अनुभवहरू हेर्दा र हामीमाझ रहिआएको परम्परावादी सोचका बीच हामीले अग्रगामी छलाङ लगाउन कुनै कदम चाल्नेवाला छौं ? लामो समयदेखि करिब चार दशक देशको अर्थतन्त्रको क्षेत्रमा रहेर आफूले रोजगारदाताको भूमिका खेलिरहँदा त्यस्तो प्रकारको आशालाग्दा दिनहरू महसुससमेत गर्न सकेका छैनौं ।

अन्तर्राष्ट्रिय मुद्रा कोषले भर्खरै सार्वजनिक गरेको पूर्वानुमानका अनुसार उक्त महामारीले पार्ने असर सन् २००८ को विश्वव्यापी आर्थिक संकटभन्दा पनि खराब हुने प्रक्षेपण गरेको पाइन्छ । यसको सीधा प्रभाव चीन र भारतजस्तो उदीयमान अर्थतन्त्रसहित नेपालजस्तो सानो देशलाई पनि पर्ने कुरा अर्थ विश्लेषकहरूले बताउँदै आएका छन् । नेपालको बजारको आकार र अर्थतन्त्रको आकारलाई हेरेर हामीले आगामी दिनमा गर्नुपर्ने र सार्नुपर्ने व्यावसायिक बाटोचाहिँ कस्तो बनाउने ? यो प्रश्न हाम्रो अगाडि टड्कारो रूपमा खडा भएको छ । हामीले नीतिगत रूपमा के-के गर्दा हामी चाँडै लयमा फर्कन सक्छौं, यसका लागि मौद्रिक नीतिले कसरी सघाउने । बैंक तथा वित्तीय संस्थाले कसरी आफ्नो लगानी सुरक्षित गर्नेबारे सोच्नु जरुरी छ । यदि वित्तीय क्षेत्र उदारवादी बन्न सकेन भने यो मन्दीले पहिलो ग्रसित क्षेत्र बैंक तथा वित्तीय क्षेत्र हुनेछ । यदि बैंक तथा वित्तीय क्षेत्रले पहिलाको जस्तो दृष्टिबन्धक तथा तमसुक बनाएर रोक्का राखेको सम्पत्तिका आधारमा लगानीको स्रोत असुली गर्छु भन्ने सोच राख्यो भने देशको ८० प्रतिशत बैंक तथा वित्तीय संस्थाहरू पहिले धरासायी हुने प्रक्षेपणमा देखिन्छ । यसैकारण यो समस्यामा ऋणी मात्र सिद्धिन्छ भन्ने भाव र सोचबाट बैंक तथा वित्तीय क्षेत्र बाहिर निस्कनु जरुरी देखिन्छ ।

राजनीतिक लफडाका कारण गृहयुद्धमा होमिएका विश्वका विभिन्न राष्ट्रहरूको हविगतको इतिहास हाम्रो माझ विद्यमान छ । यसैकारण राष्ट्रले ऋणको किस्ता तिर्ने समय र छुटको बारे छलफल गरिरहेको छ । राष्ट्र बैंकको अध्ययनलाई मात्र हामीले अनुसरण गरेमा देशले ठूलो नोक्सानी बेहोर्नुपर्ने हुन्छ । राष्ट्र बैंकले मुद्रास्थितिलाई बढी ध्यानमा दिने हुँदा राष्ट्रको विशेष चासो श्रम, रोजगारी, सामाजिक व्यवस्थाको पनि अवस्थालाई मध्यनजर गर्नुपर्ने हुन्छ । हामीले लामो समय यसै क्षेत्रबाट आएको गर्भनर पाएको छौं । आर्थिक विकास, देशको कुल गार्हस्थ्य उत्पादन र बजारीकरणका बारेमा धेरै मन्त्रालय र विभागहरूको समन्वयमा नयाँ कार्यको थालनी गर्नुपर्ने देखिन्छ । हिजोआज कोरोनाको कहरपछि प्रायःजसो सबै कृषि-कृषि भनिरहेको सुनिरहेका छौं । यसका लागि हामीले कृषिको लगानीलाई कसरी व्यावसायिकतर्फ उन्मुख बनाउने ? यसको प्रस्ट नीति बनिसकेको छैन । राष्ट्र बैंकहरूको आफ्नो प्रोडक्ट त्यसतर्फ बजारीकरण गर्न सकेको देखिँदैन, तर पनि कृषिमा लगानी भन्नेको भीड भने कम छैन । हिजोका केही सम्भावनामा हाम्रो लगानीको यस्तो गति भयो । कुनै बेला नेपालमा खोलाको सतह धेरै माथि आयो । यसको व्यवस्थापन गर्न हामीले नदीजन्य उत्पादनमा बल पुऱ्याउनुपर्छ भनेको हो । त्यसपछि प्रायःजसो बोर्डरको नजिक रहेका जिल्लाहरूलाई राज्यले धमाधम क्रसरको लाइसेन्स दिन थाल्यो । नेपालगन्ज, भैरहवा, कृष्णनगर, बारा, पर्सा, मकवानपुर, बुटवलजस्ता जिल्लाहरूमा क्रसरको विस्तार भयो । त्यसपछि देशमा वातावरणसम्बन्धी आवाजहरू उठे र ती क्रसरमाथि राज्यले प्रतिबन्ध लगायो । अन्त्यमा के भयो भने राज्यको ठूलो धनराशि तिरेर भारत र चीनबाट हामीले मेसिनरी ल्यायौं । त्यही नोक्सानी न राज्यले हेऱ्यो, न त कुनै बजेटले सम्बाधन गऱ्यो । अन्त्यमा यसको पीडामा धेरै व्यवसायीले आफ्नो जीवनयात्रा सिध्याउन बाध्य भए । आज पनि राज्यको तल्लो तहको आम्दानीका रूपमा रहेको स्थानीय निकाय र प्रदेश सरकारले क्रसरका लागि चाहिने कच्चापदार्थ दोहन वा प्रयोग गर्न टेन्डर निकालेर आफ्नो बजेटको आधार बढाएको छ भने संघीय सरकार क्रसरको पूर्ण वितरणमा अनिर्णय गरी बसिरहेको छ । त्यही उद्योगको कारोबारमा कर उठाउन तल्लीन छ । यस प्रकारको कमान्ड नै नभएको अर्थतन्त्रमा हामीले चाहिँ गर्ने केवल यो प्रश्न प्रतिनिधि बुझ्ने चैतको दोस्रो साताबाट भएको लकडाउनले हामीलाई सिकाएको पाठलाई मात्र हामीले शिरोधार्य गर्ने हो भने पहिला हामी भारतसँगको व्यापारघाटामा केही प्रतिशत होइन, ४० प्रतिशत एक वर्षमा कमी ल्याउन सक्छौं । त्यसका लागि आउने मौद्रिक नीतिले त्यस प्रकारको व्यावसायिक क्षेत्र भारतको सिमानाको प्रभावमा रहेका बजारमाथि राज्यको लगानीमा थप आयाम ल्याउनु जरुरी छ । एकथरी जसले पनि निजी क्षेत्र र सरकारको बीचमा दूरी बढाउने कार्य मात्र गरिरहेका छन् । खासमा के हो भने निजी क्षेत्र सधैं सरकार र देशप्रति बफादार छ र सोहीअनुसार कार्य गर्न चाहन्छ । तर, हाम्रो परम्परावादी सोच बोकेको अर्थतन्त्रलाई कुनै पछुतो पनि छैन ।

प्लास्टिकको झोला होस् वा देशको ठूलो आशा बोकेको गार्मेन्ट, गलैंचा, पस्मिना, सुपारी र अदुवाजस्ता उत्पादनमा हामीले थेगेको अर्थ विकास र श्रमशक्तिको बजारलाई पुग्न गएको असहजताको मूल्य हाम्रो राज्यले बुझ्न सकेको छैन । तैपनि हामी निजी क्षेत्र आज्ञाकारी छोराछोरी जस्तो देशको नीतिको विरुद्धमा लड्ने गरेका छैनौं । यो हिजोको अवस्थामा हामी निजी क्षेत्रले भोगेको अनुभव हो । तर, कोभिडको पेन्डामिक अवस्थामा सिर्जना हुने अर्थव्यवस्थामा थप उचाइका साथ लाग्न पाइएन भने हामी भोलि १ पाउन्ड पाउरोटीका लागि एक-आपसमा लुछाचुँडीसम्म पुग्नुपर्ने अवस्था सिर्जना नहोला भन्न सकिन्न । हाम्रो देशको अर्थतन्त्रको सुझावका लागि नयाँ प्याकेज बनाउन सक्ला ? बनायो भने कस्तो बनाउला ? पहिलो हाम्रो ध्यान आर्थिक वृद्धिदर कसरी बढाउने ? हामीसँग भएको श्रमलाई हाम्रो बजारसँग कसरी जोड्ने र निजी क्षेत्रबाट स्थापित व्यवसायी र व्यवसायलाई कसरी यो महामारीका कारण आयको आर्थिक संकुचनबाट बचाउने ? यो विषयमा राज्यद्वारा ल्याउने योजनाहरूसँग जोड्ने कार्य गर्नुपर्छ । नेपालको अर्थतन्त्रमा राम्रो स्थान पाइरहेको रेमिटचान्सको पनि संकुचन १५ प्रतिशतभन्दा बढी हुन सक्ने प्रक्षेपणहरू आइरहेका छन् । के हाम्रो देश फर्केकाहरूलाई हामीले श्रमबजारसँग सीधै अर्थतन्त्रलाई टेवा पुऱ्याउने गरी जोड्न सक्नुपर्दछ । यसका लागि हरेक विदेशबाट आउनेहरूसँग आफ्ना निजी सम्पत्ति, घरजग्गा भएको एउटा अध्ययनले देखाइरहेको छ । यदि उनीहरूको अनुभवमा हामीले त्यो उनीहरूको निजी सम्पत्तिलाई सजिलै घरौटी राखेर न्यून ब्याजी लगानी गर्न सक्ने नीतिको खाँचो छ । प्रधानमन्त्रीको रोजगार योजना होस् वा युवालक्षित रोजगार योजना होस्, यस प्रकारको नीतिमा प्रस्ट गर्नु आजको आवश्यकता हो ।

एउटा अर्थको विद्यार्थीले देखेको सपनालाई परम्परावादी सोचले कहिल्यै अगाडि बढ्न दिँदैन, त्यसैले हामी हाम्रो परम्परावादी सोचबाट बाहिर जानुपर्छ । अहिलेको सबैभन्दा ठूलो खतरा के-के हो, मुद्रास्फीति अथवा महँगो चाप, अर्को आर्थिक वृद्धिमा सोझो असर, त्यसपछि विप्रेषण आप्रवाह घट्न पुग्छ । हाम्रो विदेशी मुद्राको सञ्चयमा असर, त्यसपछि आयात पनि घट्न पुग्छ । यसैकारण हामी सबैले यो चुनौतीको व्यवस्थापन गर्नुपर्छ । लामो समयदेखि नेपाली मिडियामा ठूलो-ठूलो अर्थको कुरा गर्नेहरूको भन्दा यथार्थमा जोडिएको अर्थविद्सँग परामर्श आजको आवश्यकता हो । हाम्रो सबल पक्षहरू के-के हुन् । यसमा लगानी बढाउँऔं, हामीसँग जवान श्रमशक्तिहरू छन्, अनुभवी भएर फर्किरहेका छन् । पहिलो प्राथमिकता देऊ, हामीसँग उर्वर भूमि छ, यसको सही व्यवस्थापन गरौं । हामी स्रोत र साधनले धनी नभए पनि प्राकृतिक स्रोतसाधनमा आधारित उद्योगलाई विश्व बजारको भीडमा खडा गर्ने कोसिस गरौं । हामीले हाम्रो आत्मनिर्भरको उन्मुख व्यवसायलाई रातो कार्पेट बिछ्याउने बेला आएको छ । विश्व बजारको प्रतिस्पर्धाभन्दा आफैंमा आत्मनिर्भर हुने उत्पादनमा हामी लगानी गरौं । धेरै भयो आर्थिक वितरण प्रणाली, यसलाई निरुत्साहित गरौं, उत्पादनमा ऋण प्रवाह गरौं, घर-जग्गा, अनुत्पादक क्षेत्रमा सिन्डिकेटवालाहरूको इसारालाई कम्तीमा १० वर्ष मोहभंग गरौं । देश सबल बनाउन पुराना अनुभवीहरू पनि काफी छन्, सोच बदलौं, क्षेत्र पहिचान गरौं, आर्थिक सबलीकरणमा सम्झौता नगरौं, सुन्दर देश छ, सुनौलो बन्न बेर लाग्दैन ।

# नीतिगत सवालहरूमा खोज्नुपर्ने समाधान



पदम भण्डारी

विकासको सन्दर्भमा देशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदानलाई एक चौथाइको हाराहारीमा समेटिएको छ । यसले कतिपय सकारात्मक टिप्पणीहरूको वकालत गरेको छ भने कतिपय नकारात्मक टिप्पणीहरूको समेत वकालत गरेको आभास पनि हुन्छ । अहिले आएर हाम्रो कृषिप्रधान देशको समग्र कृषि विकासको मोडलको औचित्यमाथि नै प्रश्नसमेत उठ्न थालेको छ भने कतिपय अवस्थामा आमनैराश्यतासमेत थपेको छ ।

झन्डै दुईतिहाइ जनसंख्याको जीविकोपार्जन तथा आयको स्रोत रहेको कृषिको योगदानको वास्तवमा पछिल्लो समयमा केही गम्भीर र उत्साहजनक छलफल, बहस र प्रयासहरू भइरहेका छन् । साह्रै कम ध्यान पुगेको कृषि विकासको प्रमुख समस्या भनेको सरकारले लिने कृषि विकासका नीतिहरूको हो । यसका लागि सरकारले अब ढिलो गर्नु हुँदैन । हामीकहाँ मार्क्सवादी चिन्तक भनेर कहलिएका घनश्याम भुसाल कृषिमन्त्री भएपछि कृषि क्रान्तिको रोमाञ्च ह्वात्तै बढेको छ । कोरोनाको महामारीले यसमा थप ऊर्जा दिएको छ । कुन-कुन नीतिगत सवालहरूमा सरकारले तत्कालै सामाधान खोज्नुपर्छ भन्ने सवालमा यहाँ केही चर्चा गर्न लागिएको छ ।

नेपालको भौगोलिक परिवेश र हाल आएर कोभिड-१९ ले उपलब्ध गराएको अवसर र वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको ज्ञान, सीप र अनुभवले आधुनिक कृषि प्रविधिहरूको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने सम्भावना विद्यमान रहेको छ । कृषि भूमिको अनुपयुक्त प्रयोग एवं विभिन्न प्रकोपहरूका कारण उर्वरा कृषि भूमिको ह्रास हुँदै जानु, कृषिमा श्रम र सीप हुनेहरूमा कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि आधुनिक प्रविधिहरूको प्रयोग गरी पर्याप्त मात्रामा व्यावसायिक रूपमा उपयोग गर्न नसक्नु र गैरकृषिक्षेत्रको विकासको आधारका रूपमा रहेको कृषिक्षेत्रको विकासका पूर्वाधार (सिँचाइ, सडक, बिजुली, सञ्चार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरू) मा पर्याप्त लगानी आकृष्ट हुन नसक्नु कृषिक्षेत्रको विकासको मूल समस्याका रूपमा रहेका छन् । आर्थिक उदारीकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरूमा नेपालको विद्यमान प्रतिबद्धता, नेपालका लागि दिगो विकासको एजेन्डा एवं सहस्राब्दी विकासका लक्ष्यहरूसमेतको पृष्ठभूमिमा दीर्घकालीन कृषि योजनाका मूलभूत पक्षलाई कायम राखी सरकारले निम्नलिखित गरी कृषिको व्यवसायीकरणका लागि व्यवसायमैत्री नीतिहरू हुनुपर्छ ।

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउन, उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न, कृषि उत्पादन एवं उत्पादकत्व बढाउन, व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउन तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, संवर्द्धन एवं सदुपयोग गर्न सरकारले निम्नलिखित नीतिहरूको तर्जुमा गरी कृषिको व्यवसायीकरणका लागि वातावरण बनाउनु जरुरी छ । सरकारले अब यसमा ढिलो गर्नु हुँदैन ।

पशुवस्तुको दाना पदार्थमा गुणस्तर नियन्त्रण : पशुवस्तुको दाना पदार्थमा विशुद्धता कायम राख्न र दाना पदार्थमा अवाञ्छनीय मिसावट रोक्न र दाना पदार्थमा रहेको कुनै स्वाभाविक गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न दाना पदार्थको उचित स्तर बनाइराख्न दाना पदार्थ ऐन, २०३३ लागू छ । तर यो ऐन पोल्ट्री फिडको गुणस्तरका लागि पुरानो र अप्रासंगिक छ । यो ऐनलाई परिमार्जन गर्नु जरुरी छ । त्यस्तै दुग्ध फिडका लागि गुणस्तर मापदण्डहरूको अपर्याप्तता छ । फिड गुणस्तर नियन्त्रण, अनुगमन र नियमनका लागि संस्थागत व्यवस्थामा स्पष्टताको अभाव छ । कुखुरापालन र दुग्ध क्षेत्रको व्यवसायीकरणको सन्दर्भमा यसलाई थप अद्यावधिक र कार्यात्मक बनाउन पशु आहार विनियमन २०४१ को संशोधन गर्न जरुरी छ । कुखुराको दानाका लागि गुणस्तर अद्यावधिक गर्दै पशु आहाराका लागि मानकहरू सेट गर्दै संघीय पुनर्संरचनाको सन्दर्भमा जिम्मेवारी र फिड गुणस्तर निरीक्षण, अनुगमन र गुण नियन्त्रणको मापदण्ड परिमार्जन गर्न जरुरी छ । यसका लागि नेपाल फिड मिल संघ, नेपाल भेटेरिनरी एसोसिएसन, नेपाल कुखुरापालक संघजस्ता पेसागत संघ-संस्थाहरूसँग परामर्श गर्नुपर्छ ।

कृषि गोदाम प्रणाली : ग्रामीण स्तरमा गोदामहरू बनाउनाले साना किसानहरूको भण्डारण क्षमता बढाउन सकिन्छ । यसबाट उनीहरूले आफ्नो उत्पादन त्यस समयमा बेच्न सक्छन्, जब उनीहरूलाई बजारमा लाभकारी मूल्य प्राप्त हुन सक्छ र कुनै प्रकारको दबाबमा बिक्री गर्नबाट उनीहरूलाई बचाउन सकिन्छ । गोदाम घरको सुरक्षा, आउने-जाने बाटोको सुविधा, सामान लोड-अनलोड गर्ने प्लेटफर्म, शौचालयको सुविधा, धर्मकाँटा लगाउने ठाउँ, प्याकेजिङ, गुणस्तर परीक्षण प्रमाणित गर्ने प्रक्रिया आदिका लागि उपयुक्त विधि अपनाउनु जरुरी छ । गोदामघर बनिसकेपछि किसानहरूले आफ्नो उत्पादन धितो (बन्धक) राखेर आवश्यक ऋण प्राप्त गर्ने सुविधा, आवश्यक ऋणहरूको नियम एवं सर्तहरू, ब्याजदर, धितो राख्ने अवधि, राशि आदिको निर्धारण, गोदाम घरको बिमा, त्यहाँ राखिने कृषि उपजको बिमा, त्यसको जिम्मेवारीबारे स्पष्टता हुनु जरुरी छ । नीति-निर्माण गर्ने सिलसिलामा नेपाल वेयर हाउसिङ कम्पनी, नेपाल उद्योग वाणिज्य महासंघ र कृषि उद्यमीहरू, नेपाल राष्ट्र बैंक, वित्तीय संस्थाहरू, बिमा कम्पनीहरू, सहकारी र निजी सेवाप्रदायक कम्पनीहरू, चामल, दाल र तेल मिल संघजस्ता संघ-संस्थाहरूसँग परामर्श गर्नुपर्छ ।

अनुबन्ध खेती : कृषिमा श्रम र सीप हुनेहरू, कृषि पेसामा आश्रितहरू, ठूलो रूपमा खेतीमा संलग्न हुन चाहनेहरूका लागि कृषि भूमिको पहुँच नपुग्नु र पहुँच पुग्नेहरूले पनि अनुबन्ध खेती अर्थात् सम्झौताका आधारमा खेतीपाती गर्न ऐन-कानुनको अभावमा र करार भङ्ग रोक्नका लागि उपायहरूसम्बन्धी ऐन-कानुन, नियमहरू बनाउनु जरुरी छ । अहिले बजारमा व्यापारीहरूको नियन्त्रण छ र मनोमानी गर्ने हिसाबले आफैं दरभाउ तोक्ने र बजार नियन्त्रण गर्ने परिपाटी छ । कृषि उत्पादनबाट उत्पादकहरूलाई सामग्री, प्रविधि र वित्त आदि प्रवाहको माध्यमबाट उत्पादकहरूलाई अनुबन्ध खेती गर्न प्रोत्साहन गर्न जरुरी छ ।

अनुबन्ध खेतीसम्बन्धी ऐन-कानुन, नियमहरू नभएका कारणले किसानहरूको वित्तीय संस्था, बैंक र बिमासँग सम्बन्ध विस्तार हुने सम्भावनाहरूलाई समेत कमजोर पारिरहेको छ । अनुबन्ध खेती ऐन (कृषि व्यवसाय प्रवर्द्धन ऐन) को तयारी र यसको व्यावहारिक प्रयोग जरुरी छ । यसका लागि किसान सञ्जाल, सहकारी संघ, नेउवामसंजस्ता संघ-संस्थाहरूसँग परामर्श गर्नुपर्छ ।

सामग्री अनुदान, कृषि प्रसार सेवा : हाल कृषि सामग्रीमा दिइएको अनुदान वास्तविक किसानकोमा नपुगेको गुनासो आइरहेको छ । कृषि सामग्री र कृषि प्रसार सेवा विस्तारमा अनुदान प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाउन सब्सिडीहरू आपूर्तिद्वारा सञ्चालित र पहुँच भएका कृषकहरूमा सीमित छन् । हालको विद्यमान अनुदान प्रणालीले साना किसानहरूलाई समेट्न नसकेको, पछाडि पारिएको र इच्छित परिणाम उत्पादन गर्न असफल भएकाले उत्पादनसँग जोडेर अनुदान उपलब्ध गराउने प्रणालीको विकास गर्नु जरुरी छ । हालको अनुदानको नीतिलाई परिमार्जन गरेर साँच्चै खाँचोमा परेका किसान र कृषि व्यवसायमा पुग्ने गरी नीति बनाउनु जरुरी छ । कृषि प्रसार सेवालाई व्यवसायसँग जोड्नु जरुरी छ । सेवाहरूको व्यावसायिक प्रदायकहरूमार्फत खाँचोमा परेका किसानहरूलाई अनुदान र सेवाहरू प्रदान गर्ने प्रणालीको विकास गर्न जरुरी छ । नगद अनुदानलाई निरुत्साहित गर्दै भौचर प्रणाली सञ्चालनमा ल्याउनु जरुरी छ ।

जमिनको उपयोग : मुलुकमा खेतीयोग्य भूमि घट्दै गइरहेको, कतिपय प्रयोगमा नआएको, खास किसानहरूमा खेतीयोग्य जमिनको पहुँच नभएको, पहुँच हुनेहरूको पनि जमिन धेरै कम भएको, जग्गामा विखण्डनका कारण यान्त्रिकीकरणमा कठिनाइहरू भएकाले कृषिमा आधुनिकीकरण एवं व्यवसायीकरण गर्न नसकिएको जस्ता समस्या विद्यमान छन् ।

जमिनमा पहुँच नभएका किसानहरूलाई खेतीयोग्य जमिनमा पहुँच बढाउने, जग्गा चक्लाबन्दी एवं एकीकृत गर्ने र भूमि बैंक नीतिहरूको निर्माण गर्नुका साथै कृषि यन्त्रहरूको परिचालनका लागि कस्टम हायरिङ सेवाहरूका लागि नीतिहरूको निर्माण गर्नु जरुरी छ । यसका लागि किसान सञ्जाल, सहकारी संघ, नेउवामसंजस्ता संघ-संस्थाहरूसंग परामर्श गर्नुपर्छ ।

नेपाल-भारत व्यवसाय : नेपालको भारतसँगको व्यापारमा धेरै ठूलो अन्तर छ, अर्थात् व्यापार घाटामा छ । नेपालको आयात-निर्यातको वास्तविक तथ्याङ्क पनि राम्रोसँग राखिएको छैन र त्यो एक ठाउँमा फेला पर्दैन र फेला परेका तथ्याङ्कहरूमा पनि एक रूपता छैन । व्यापारमा विश्लेषण र व्यापारसम्बन्धी पूर्वानुमान पनि गरिएको छैन । भारतले जहिले पनि नेपालको हितविपरीत हुने गरी आफ्नो नीतिमा फेरबदल गरिरहेको हुन्छ । व्यापारिक नीतिको यो प्रस्थान बिन्दुले नेपाल-भारत व्यापारमा असर पारिरहेको छ । व्यापारमा यस्तो प्रतिकूल प्रभाव कम गर्नका लागि नेपाल-भारत नीतिमा समायोजन गर्नु आवश्यक छ । तथ्याङ्क अद्यावधिक गर्ने, व्यापारको प्रवृत्तिको विश्लेषण गर्ने, भारतीयहरूले अपनाएको नीतिगत परिवर्तनहरूको अनुगमन गर्ने र यसअनुरूप नीतिगत पैरवी गर्नु आवश्यक छ । नेपाल-भारत ट्रेड वाच गर्नका लागि आवश्यक संयन्त्र र प्रणालीहरूको विकास गर्नु जरुरी छ । यसका लागि अन्तरमन्त्रालय समन्वय, किसान सञ्जाल, सहकारी संघ, नेउवामसंजस्ता संघ-संस्थाहरूसंग परामर्श गर्नुपर्छ ।

प्राङ्गारिक खेती संवर्द्धन र प्रमाणीकरण : नेपाल भौगोलिक रूपले दुई ठूला औद्योगिक मुलुकहरूको बीचमा छ । कृषिका सबै वस्तु-बालीहरूमा नेपालले भारत र चीनसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन । त्यसो हुनाले नेपालको आफ्नो छुट्टै पहिचान हुने वस्तु-बालीहरूको विकास गर्नु जरुरी छ । नेपालले स्वस्थ र सुरक्षित कृषि उत्पादनका लागि दुवै मुलुकसँग प्रतिस्पर्धा गर्न सक्छ । स्थानीय उपभोक्ता स्तरमा स्वस्थ र सुरक्षित खानेकुराको चेतनाको विकास गराउने र प्राङ्गारिक खेतीमा जोड दिनु जरुरी छ । जस्तै कर्णाली प्रदेशले सिङ्गो प्रदेशलाई नै प्राङ्गारिक घोषणा गर्न प्रतिबद्धता देखाएको छ । त्यस्तै अरू प्रदेशहरूले पनि चासो देखाइरहेका छन् । नेपालमा प्राङ्गारिक प्रमाणीकरणका लागि अन्तर्राष्ट्रिय मान्यताप्राप्त सेवाहरूको सीमित पहुँच छ, जुन उत्पादकहरूले खर्च गर्न महँगो हुन्छ ।

यसका लागि सरकारले प्रमाणीकरण लागतमा साझेदारी गर्नुपर्छ । चिया, अदुवा, अलैंची, कफी र तरकारीजस्ता निर्यातयोग्य वस्तुहरूको प्राङ्गारिक उत्पादन गरिनुपर्छ र अन्तर्राष्ट्रिय बजारमा पहुँचका लागि प्रमाणित हुनुपर्छ । प्राङ्गारिक खेती र प्रमाणीकरण प्रणालीमा सरकारले नीति ल्याउनु जरुरी छ । हाम्रो उत्पादनलाई प्राङ्गारिक रूपमा रूपान्तरण गर्न सकियो भने मात्र हाम्रो कृषि प्रतिस्पर्धी हुनसक्छ । संघीय एवं प्रदेश तहमा प्रमाणीकरण गर्ने निकायहरूको विकास, अन्तर्राष्ट्रिय बजारमा मान्यता प्राप्त प्रयोगशाला सेवाहरूको स्तरोन्नति, प्राङ्गारिक उत्पादन र प्रमाणीकरणका लागि अन्तर्राष्ट्रिय मापदण्डहरूको कार्यान्वयन, सम्भाव्यता र आवश्यकता, सहभागितामूलक प्रमाणीकरण प्रणालीको नीतिगत ढाँचा मूल्यांकन गर्नुपर्ने मुख्य पक्षहरूमा सरकाले तत्कालै काम थाल्नु जरुरी छ ।

स्थानीय तहदेखि केन्द्रीय तहसम्मको कृषिक्षेत्रको योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन सम्बन्धित तह (पालिका, प्रदेश र संघीय सरकारको तह) मा सरोकारवालाहरूको संलग्नतालाई सुनिश्चित गरी सहभागितात्मक पद्धतिलाई बढावा दिनु जरुरी छ ।

## डब्लुएचओले चेतावनी दिँदा पनि

# ट्रम्प 'हाइड्रोक्सिक्लोरोक्वीन'कै पक्षमा

**अमेरिका/एजेन्सी–** विश्व स्वाथ्य संगठन (डब्लुएचओ) र स्वास्थ्य विज्ञहरु तथा वैज्ञानिक अनुसन्धान विपरित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पुनः कोरोना भाइरसको उपचारमा हाइड्रोक्सिक्लोरोक्वीनको प्रयोग गर्नु पर्ने पक्षमा वकालत गरेका छन् । ट्रम्पले लगातार हाइड्रोक्सिक्लोरोक्वीको प्रयोगले कोरोना भाइरसको संक्रमणबाट जोगिने वा संक्रमण निको हुने बताउँदै आएका थिए । उनले केही समयअघि संक्रमणबाट जोगिनका लागि आफूले सो औषधि खाएको पनि बताएका थिए ।



तर अमेरिकाकै स्वास्थ्य विज्ञ, डब्लुएचओ तथा वैज्ञानिक अनुसन्धानहरुबाट मलेरियाविरुद्धको औषधि कोरोना भाइरसविरुद्धको उपचारमा प्रभावकारी नहुने देखिएको छ । यसको प्रयोगले कोरोना भाइरसबाट संक्रमितमा मुटु सम्बन्धी समस्या आउन सक्ने र कतिपय अवस्थामा मृत्युदर बढ्न सक्ने भन्दै परीक्षण बाहेकका अवस्थामा प्रयोगमा रोक लगाएको छ ।

तर पनि ट्रम्पले पुनः कोरोना भाइरसबाट संक्रमितको उपचारका लागि हाइड्रोक्सिक्लोरोक्वीन प्रयोग गर्नुपर्ने र सो औषधि प्रभावकारी हुने बताएका छन् । आफूले सुझाएका कारण कोभिड-१९ को उपचारमा होइड्रोक्सिक्लोरोक्वीनको प्रयोग अस्वीकार गरिएको आरोप ट्रम्पले लगाएका छन् । सामाजिक सञ्जाल ट्वीटरले ट्रम्पका जेठो छोराले हाइड्रोक्सिक्लोरोक्वीनको प्रशंसा गरी बनाएको भिडियो पोस्ट गर्न प्रतिबन्ध लगाएको भोलिपल्ट उनको यस्तो भनाइ आएको हो ।

अहिलेसम्म भएका अनुसन्धानमा हाइड्रोक्सिक्लोरोक्वीनले कोरोना भाइरसका संक्रमितलाई फाइदा गर्ने प्रमाण भेटिएको छैन । नियामकहरुले यसको प्रयोगले मुटु सम्बन्धी समस्या आउन सक्ने भन्दै चेतावनी दिने गरेका छन् । अनुसन्धान प्रतिवेदनमा यो औषधिको प्रयोगले मुटुको चालमा गम्भीर समस्या आउन सक्ने तथा अरु स्वास्थ्य समस्याहरु पनि हुने देखिएपछि अमेरिकाको फुड एण्ड ड्रग एडिमनिस्ट्रेसन (एफडिए) ले गएको महिना हाइड्रोक्सिक्लोरोक्वीनको प्रयोग नगर्न सावधान गराएको थियो ।

उसले कोरोना भाइरसबाट संक्रमितको उपचारमा आकश्मिक रुपमा हाइड्रोक्सिक्लोरोक्वीनको प्रयोग पनि बन्द गर्न भनेको थियो । डब्लुएचओले अहिलेसम्म कोभिड-१९ को उपचारमा यसले सहयोग गर्ने भन्ने कुनै प्रमाण नरहेको बताएको छ । तर ट्रम्प अझै पनि सोही औषधिमा अडिकएका छन् । ट्रम्पले पहिलोपटक गएको मार्चमा हाइड्रोक्सिक्लोरोक्वीनको प्रयोग कोभिड-१९ का बिरामीलाई दिनुपर्ने बताएका थिए । मंगलबार ह्वाइट हाउसमा ट्रम्पले पत्रकारसँग भने, 'जब मैले केही सुझ्याउँछु, उनीहरु-हुँदैन यो प्रयोग नगर भन्छन् ।'

७३ वर्षका ट्रम्पले गएको मे मा आफूले हाइड्रोक्सिक्लोरोक्वीन खान थालेको बताएका थिए । मंगलबार उनले १४ दिनसम्म हाइड्रोक्सिक्लोरोक्वीन खाएको र त्यसको कुनै साइडइफेक्ट्स नदेखिएको बताए । उनले फेरि एकपटक कोरोना भाइरसको उपचारमा हाइड्रोक्सिक्लोरोक्वीन प्रभावकारी रहेको घोषित गरे ।

हाल प्रतिबन्धित भिडियोमा डाक्टरहरुले हाइड्रोक्सिक्लोरोक्वीनलाई कोभिड-१९ को उपचारका रुपमा दाबी गरिएको छ र संक्रमण रोक्नका लागि मास्कको प्रयोग गर्नु नपर्ने उल्लेख छ । सो भिडियो क्लीप ८४ मिलियन फलोअर्स भएको ट्रम्पको ट्वीटर एकाउन्टमा पोस्ट भएको थियो । यस्तै फेसबुकमा सो भिडियो १७ मिलियन भन्दा बढी पटक हेरिएको छ । त्यसबारे सोधिएको प्रश्नमा ट्रम्पले भिडियोमा देखिएका व्यक्तिहरु 'अति सम्मानित डाक्टरहरु' रहेको बताए ।

मंगलबार नै सरुवा रोग सम्बन्धी अमेरिकाका शीर्ष डाक्टर एन्थोनी फाउचीलाई सोधिँदा उनले कोरोना भाइरसको उपचारमा हाइड्रोक्सिक्लोरोक्वीनको प्रभावकारिता प्रमाणित नभएको बताएको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् । अमेरिकामा कोरोना भाइरसबाट संक्रमितको संख्या ४३ लाख भन्दा बढी रहेको छ र त्यसमध्ये एक लाख ४९ हजार भन्दा धेरैको ज्यान गएको छ ।

# अफगान शान्तिवार्ता नयाँ चरणमा प्रवेश



**काबुल/एजेन्सी–** लामो समयदेखि ढिलाइ भइरहेको अफगान सरकार र तालिबानबीचको शान्तिवार्ता आगामी हप्ता शुरु हुने सम्भावना बढेको छ । अफगान राष्ट्रपति अस्रफ घानीले तालिबानसँगको मध्यस्थता वार्ता हुन लागेको मंगलबार संकेत गर्नुका साथै दुबै पक्षबीच तीन दिने युद्धबिरामका लागि सहमति भएको छ ।

पहिलो चरणाको युद्धबिराम मुस्लिम समुदायको महान पर्व इद अल-अधाको पहिलो दिन यही शुक्रबारदेखि शुरु हुनेछ, र यो अरु दुई दिन निरन्तर जारी रहनेछ । तालिबान समूहले नै यसपटक युद्धबिरामका लागि प्रस्ताव गरेको थियो । राष्ट्रपति घानीले पनि तालिबान समूहसँगको मध्यस्थता प्रयासमा निकै प्रगति भएको बताएका छन् ।

यसअघि अफगानिस्तानका जेलमा बन्दी रहेका तालिबान समूहका नेता, कार्यकर्ता र लडाकूको बिनाशर्त रिहाईका विषयमा अफगान सरकार र तालिबानबीच मतैक्य हुन सकेको छैन । तर राष्ट्रपति घानीले सरकारी अधिकारीहरुलाई सम्बोधन गर्दै भनेका छन्, 'शान्तितर्फ सरकारको प्रतिबद्धता जनाउँदै इस्लामिक गणतन्त्र अफगानिस्तानले पाँच हजार तालिबानी बन्दीहरुलाई मुक्त गर्ने कार्य चाँडै सम्पन्न गर्नेछ ।'

पाँच हजार तालिबानी युद्धबन्दीलाई मुक्त गर्न यसअघि गत फेब्रुअरीमा अमेरिका र तालिबानबीचको एक सम्झौतामा सहमति भइसकेको छ । राष्ट्रपति घानीले तालिबान समूहसँगको प्रत्यक्ष मध्यस्थता वार्ता अर्को साताभित्रै शुरु हुने सम्भावना रहेको बताए ।

राष्ट्रपति घानीका प्रवक्ता सेदिक सेदिकीले काबुल सरकारले युद्धबिराम पालना भए/नभएको अनुगमन गर्ने जानकारी दिए । उनले अफगान जनताले दिगो युद्धबिराम चाहनुका साथै अफगान सरकार र तालिबानबीच प्रत्यक्ष वार्ता होस् भन्ने चाहेका छन् भने । तालिबान समूहले गत साता नै इद पर्व लगत्तै अफगान सरकारसँग प्रत्यक्ष मध्यस्थता वार्ता गर्न तयारी गरिरहेको संकेत दिएका थिए ।

तालिबान समूहका तर्फबाट जारी एक वक्तव्यमा तालिबानका सैन्य प्रवक्ता जबिहुल्लाह मुजाहिदले आफ्ना लडाकूहरुलाई इद अल-अधाका अवसरमा तीन दिनसम्म कुनै सैन्य कारबाही नगर्न आदेश दिनु भएको उल्लेख छ । उनले सरकारी वा दुश्मन पक्षबाट कुनै कारबाही भए त्यसलाई स्वीकार गर्न नसकिने पनि चेतावनी दिएका छन् ।

सन् २००१ मा अफगान युद्ध शुरु भएयता यो तेस्रो युद्धबिराम हो । यसअघि सन् २०१८ को जुन तथा यसै वर्षको मे महिनामा रमादानका अवसरमा युद्धबिराम गरिएका थिए । पछिल्लो घोषणाप्रति आम अफगानीले सन्तोषप्रद भन्दै स्वागत गरेका छन् । काबुलस्थित अमेरिकी कुटनीतिज्ञ रस विल्सनले युद्धबिरामको स्वागत गर्नुका साथै दुबै पक्षले जतिसक्दो चाँडो मध्यस्थता वार्ता गर्ने विश्वास व्यक्त गरेका छन् । उनले ट्वीट गर्दै सबै अफगानीले इद पर्वलाई शान्तिपूर्वक मनाउने बताए ।

अमेरिका र तालिबानबीच गत फेब्रुअरीमा सम्झौता भएयता तीन हजार ५०० भन्दा बढी अफगान सैनिकको ज्यान गइसकेको राष्ट्रपति घानीले बताएका छन् । यस्तै, ७७५ जना सर्वसाधारण मारिनुका साथै एक हजार ६०९ जना घाइते भएका छन् ।

# दक्षिण कोरियामा कोभिड १९ का संक्रमित बढे

**सिन्हृवा/एजेन्सी–** दक्षिण कोरियामा कोरोना भाइरस (कोभिड-१९) का संक्रमित पछिल्लो समयमा बढ्न थालेका छन् । पछिल्लो समयमा यहाँका संक्रमितहरु बढ्न थालेको देखिएको बताइएको छ । यहाँका सरकारी अधिकरीहरुले सोलमा पछिल्लो महिना संक्रमित हुनेहरुको संख्या बढ्दै गएको देखिएको समाचारमा जनाइएको छ ।



प्राप्त समाचारमा पछिल्लो २४ घण्टामा यहाँ थप ४८ जनामा कोरोना भेटिएको बताइएको छ । बुधबार बिहान सो जानकारी दिइएको हो ।योसँगै यहाँका संक्रमितहरुको संख्या १४ हजार २५१ जना पुगेको बताइएको छ । यहाँ पछिल्लो हप्ता हरेक दिन ३० जना भन्दा कमै मात्र संक्रमित थपिने गरेको भए पनि गएका केही दिन यता भने त्यसमा बृद्धि भएको र संक्रमितहरु थपिएका बताइएको हो ।

उनीहरुमध्ये अधिकांश विदेशबाट आएका व्यक्तिमा पाइएको पनि सो समाचारमा जनाइएको छ । गएको २४ घन्टामा थपिएका ४८ जना संक्रमितमध्ये २९ जना त विदेशबाट आएका नारिक हुन् । पछिल्लो दुई दिनमा दुई व्यक्तिको मृत्यु भएपछि संक्रमणबाट ज्यान जानेको संख्या ३०० जना पुगेको बताइएको छ । यहाँका संक्रमितहरु बढीजसो चर्चमा गएका व्यक्तिहरुबाट भएका बताइएको छ ।

यहाँ निकै थोरै संख्यामा मात्र संक्रमितहरु रहेका थिए र यहाँको मृत्यु दर पनि २.११ प्रतिशत मात्र रहेको थियो । यहाँका १३ हजार भन्दा बढी नागरिक निको भएर घर फर्किएका छन् ।

यहाँका अधिकारीहरुले दक्षिण कोरियामा निको हुने व्यक्तिको संख्या ९१ प्रतिशत भन्दा बढी भएको बताएका छन् ।

दक्षिण कोरिया सरकारले कोरोना भाइरसको संक्रमणलाई रोक्न विदेशका अरु देशहरुको तुलनामा प्रभावकारी काम गरेको बताइएको छ । तर प्राप्त समाचारमा दक्षिण कोरियामा पनि पछिल्लो समयमा संक्रमितहरुको संख्या बढ्दै गएको देखिएको भए पनि उनीहरु विदेशबाट आएका बढी रहेको बताइएको छ । दक्षिण कोरियाको सरकारले गएको जुन ३ तारिखदेखि कोरोना भाइरसको परीक्षण शुरु गरेको थियो । त्यस यता यहाँको सरकारले करिब १५ लाखभन्दा बढी व्यक्तिको परीक्षण गरेको जनाएको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७७/०४/१५

यस कम्पनीको मिति २०७७/०२/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **रोज रेज ईन्टरनेशनल लजिस्टिक प्रा.लि. (प्रा.लि.नं. ४५६५४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०३/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रोज रेज मल्टिप्रपोज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७२/१२/०१ मा दर्ता भएको **प्रा.लि. नं. १४६४४४** को **हिना स्टोर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



## ब्लू ओसियन ओभरसिज प्रा. लि.को सार्वजनिक सूचना

**नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं.: ८६४/०६६/०६७ को यस ब्लू ओसियन ओभरसिज प्रा. लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | मलेसिया | ३२६ | ० | ३२६ |
| २. | कतार | २६ | ० | २६ |
| ३. | साउदी अरब | १४५ | ० | १४५ |
| ४. | यूएई | ८१४ | ८९ | ९०३ |
| | कुल जम्मा | १३११ | ८९ | कुल जम्मा १४०० जना |

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल


# अमेरिकी डमी युद्धपोतलाई इरानले मिसाइलले उडायो

**इरान/एजेन्सी–** इरानले आफ्नो मिसाइल अभ्यासको सिलसिलामा अमेरिकी युद्धपोतको डमीलाई उडाएको छ । यो रणनीतिक रुपमा अत्यधिक महत्वपूर्ण मानिने स्ट्रेट अफ होरमूजमा गरिएको हो । यसले फासरको खाडीलाई ओमानको खाडीसँग जोड्छ । यो अभ्यासमा यति ठूलो आगोको लप्का उठेको थियो कि अमेरिकी सैनिकले आफ्ना दुई क्षेत्रीय बेसलाई अलर्ट मोडमा राखेको छ ।

यद्यपि, पछि अमेरिकी नौसेनाले इरानको यो अभ्यासलाई गैर जिम्मेवारी र लापरवाहीयुक्त बताएको छ । अमेरिकी नौसेनाका अनुसार इरानको तर्फबाट यो उक्साउने र कारवाही गर्नका लागि बाध्य पार्ने कदम हो । यो अभ्यास यस्तो समयमा गरिएको हो जब खाडी क्षेत्रमा तेहरान र वासिङ्टनबीच लगातार तनाव बढिरहेको छ । इरानको सरकारी टेलिभिजनका अनुसार अभ्यासको नाम पेगम्बर मोहम्मद १४ औं राखिएको थियो ।

यस्तै अमेरिकी युद्धपोतको डमी ठ्याक्कै त्यस्तै देखिएको थियो जुन अमेरिकाले खाडीमा तैनाथ गरेको थियो । यो डमी युद्धपोतमा डमी फाइटर जेट विमान पनि तैनाथ थियो । यो युद्धपोतलाई विभिन्न कोणबाट मिसाइल दागिएको थियो । यो युद्धपोतमा हेलिकोप्टरमार्फत् पनि मिसाइल दागियो जुन युद्धपोतको एउटा किनारासँग ठोक्कियो ।

इरानको रिभोल्यूसनरी गार्डस्का कमान्डर मेजर जनरल हुसैन सालामीले सरकारी टेलिभिजनसँग भने, 'यो अभ्यासमा हाम्रो वायुसेना र नौसेनाको आक्रामक शैली देखियो ।' अमेरिकी सेनाका अनुसार यो अभ्यासमा ब्यालिस्टिक मिसाइलमार्फत् फायरिङ गरियो जसका कारण संयुक्त अरब इमिरेट्स र कतारमा अमेरिकी युनिटलाई अलर्ट जारी गरियो ।

अमेरिकी नौसेनाको बहराइनस्थित पाँचौं फ्लिटकी प्रवक्ता रेबेका रेबारिचले अमेरिकी नौसेनाले आफ्ना सहयोगीसँग रक्षात्मक अभ्यास, नौसेना सुरक्षाले प्रोत्साहन पाओस् भन्ने हेतुले गर्ने गरेको तर इरानको अभ्यास 'उक्साउने र कारवाहीका लागि बाध्य पार्नेजस्तो' आक्रामक रहेको बताइन् ।

# 'मोडर्नाको खोपले बाँदरमा राम्रोसँग काम गरिरहेको छ'

**वासिङ्टन/एजेन्सी–** अमेरिकी बायोटेक कम्पनी मोडर्नाले तयार पारेको कोविड-१९ को खोप बाँदरमा परीक्षण गर्दा निकै सकारात्मक नतिजा प्राप्त भएको अध्ययनले देखाएको छ । खोप लगाइएका बाँदरका नाक र फोक्सोमा कोरोनाभाइरसका विषाणु थप वृद्धि नभएको न्यू इङल्यान्ड मेडिसिन जर्नलमा प्रकाशित अध्ययनमा उल्लेख छ ।




खोपका कारण नाकमा कोरोनाभाइरस बढ्न रोकिनुको अर्थ नाकहुँदै शरीरका भित्री भागमा कोरोनाभाइरस संक्रमित हुनेक्रम रोकिने अध्ययनको निचोड छ । अक्सफोर्ड विश्वविद्यालयले तयार पारेको खोप बाँदरमा परीक्षण गर्दा यस्तो नतिजा प्राप्त भएको थिएन । तर खोपले पशुको फोक्सोमा कोरोनाभाइरस प्रवेश गर्नबाट भने रोक्न सफलता प्राप्त भएको थियो । कोरोनाभाइरस फोक्सोमा पुगे त्यसले मानव स्वास्थ्यमा गम्भीर क्षति पुर्‍याउन सक्छ ।

मोडर्नाले पशुमा गरेको यस परीक्षणमा दुई समूहमा बाँदर हरुलाई विभक्त गरी दुई भिन्न किसिमका खोपको डोज दिइएको थियो । पहिलो समूहका बाँदरलाई १० माइक्रोग्राम र दोस्रो समूहका बाँदरलाई १०० माइक्रोग्रामका डोज दिइएको जर्नलमा उल्लेख छ । खोप लगाइएका सबै बाँदरमा नयाँ कोरोनाभाइरसलाई निस्तेज बनाउने एन्टीबडी तयार भएको थियो ।

उल्लेखनीय कुरा के भने दुबै समूहका बाँदरमा मानवमा भन्दा बढी एन्टीबडी तयार भएको थियो । यही समूहका खोप लगाएका मानिसको पनि कोरोना संक्रमण निको भएको थियो ।


**Amargadhi Municipality**
**Office Of Municipal Executive**
**Tufandada, Dadeldhura, Nepal**

## INVITATION FOR BIDS (IFB)

DATE OF PUBLICATION: - 2077-04-15 BS (2020-07-30 AD)

Amargadhi Municipality, Dadeldhura invites electronic bids from all eligible Neplese bidders for following goods under National Competitive Bidding. Some of the qualification criteria are mentioned below, through details are in the bidding document.

| S. N. | Contract No/Bid No | Description of Works | Bidding Procedure | Estimated Amount (Ex. Contigency) PS) | Bid Security Amount | Bid Document Price | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | AM/DDL/GOODS/NCB/001-077/78 | Supply & Delivery Of Medicine upto Amargadhi Municipality, Dadeldhura | Single Envelope | 2819833.00 | 75000.00 | 3,000/- | 2020-08-30 (2077-05-14) 12:00 Hours |

Name of the Bank: Rastiya Banijjya Bank Ltd, Branch office, Dadeldhura, Name of Office: *Amargadhi Municipality, Dadeldhura*
Office Account no.: 40200301010002 (Bid doc. fee account no.)

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Amargadhi Municipality, Dadeldhura* or may visit *www.bolpatra.gov.np/egp*
2. *Amargadhi Municipality, Dadeldhura* reserves the right to accept or reject any bid and to annual the process and reject all bids at any time prior to contract award.

**Chief Administration Officer**

# बक्स अफिस समाचार

## कवि सुवेदीको ‘शुक्रबार कविता’ संग्रह

**काठमाडौं/रासस–** सामाजिक सञ्जालमा प्रत्येक हप्ता शुक्रबार आठ पङ्क्तिका कविता लेखेर सामाजिक सञ्जालमा पोष्ट गर्ने कवि मनोजराज सुवेदीले ३०१ कविताको संग्रह सार्वजनिक गरेका छन् ।


आठ पङ्क्तिमा लेखिएको ‘शुक्रबार कविता’ संग्रह छोटा कवितामा बृहत् सन्देश दिन सफल छ । लामा कविता पढ्न फुर्सद नभएका अहिलेका व्यस्त मानिसका लागि केही समय निकालेर पढ्न सकिने शुक्रबार कविता संग्रह उपयोगी छ । तीन सय तीन पृष्ठको संग्रह पठनीय छ ।

सुवेदीले विसं २०७१ जेठ २३ गते शुक्रबारदेखि आठ पङ्क्तिका कविता लेखेर सामाजिक सञ्जालमा पोष्ट गर्न शुरु गरेका थिए । बैठक कोठामा झुण्ड्याइएको उनका पिता पूर्वसचिव पद्मराज सुवेदीको इलाम घुम्दाको तस्वीरले उनलाई कविता लेखी सामाजिक सञ्जालमा पोष्ट गर्ने प्रेरणा मिलेको हो ।

सुवेदी इलामको प्रमुख जिल्ला अधिकारी हुँदा विसं २०३० मा माईपोखरीमा खिचिएको प्राकृतिक सौन्दर्यसहितको मातापिताको तस्वीरले छोरालाई स्थापित कविका रूपमा नेपाली साहित्यमा प्रवेश गराएको छ ।

सरकारी सेवामा रहँदा मातापिता इलाम घुम्दाको तस्वीरले उनमा शुक्रबार कविता संग्रह रचना गर्न सधैं प्रेरित गर्थ्यो । विसं २०७१ जेठदेखि २०७६ माघ मसान्तसम्म शुक्रबार सामाजिक सञ्जालमा पोष्ट गरिएका ३०१ कविता संग्रहमा समेटिएका छन् । ललिता सुवेदी दवाडीले प्रकाशन गरेको ‘शुक्रबार कविता’ संग्रह को मूल्य रु १९० छ ।

संग्रहमा समर्पण, मेरो भन्नुजस्ता पृष्ठभूमिका विषय पनि आठ पङ्क्तिका छोटा कवितामा लेखेर आकर्षक बनाइएको छ । शुभ साइतमा साहित्यकार डा सनतकुमार वस्तीले पनि आठ पङ्क्तिको कवितामै सन्देश दिएका छन् । कवि वस्तीको आठ पङ्क्तिको कविता सन्देश यस्तो छ-




*‘शुक्रबार कविताको*
*शुभ साइत जुर्ने*
*सिर्जनालाई एक हप्ता*
*सधैँ किन कुर्ने ?*

*छोटा छोटा कवितामा*
*प्रतिभाको खानी*
*निरन्तर कायम रहोस्*
*मनोजको बानी’*

कवि सुवेदीले मेरो भन्नु अर्थात् कविको भनाइलाई आठ पङ्क्तिको कवितामा यसरी प्रस्तुत गरेका छन्-

*‘पाँच वर्षदेखि शुक्रबार*
*फेसबुकमा पोष्ट गरेको*
*शुक्रबार कविता शीर्षकमा*
*माधुर्य गुणले भरेको ।*

*प्रेम, प्रकृति र समाजका*
*हाम्रै सेरोफेरो देखेर*
*सजाई आठै पक्तिमा*
*अर्पन्छु कविता लेखेर’*

पिता पूर्वसचिव पद्मराज सुवेदीलाई समर्पण गरिएको पुस्तकको मन्तव्य पनि आठ पङ्क्तिकै कवितामा गरिएको छ । समर्पण शीर्षकमा कवि सुवेदी लेख्छन्-

*‘जवानीको बेला सबैको*
*जीवन मिठास र रंगीन*
*बूढाबूढी हुँदै गएपछि*
*बन्छ नमिठो र कठिन ।*

*दिगो जीवन कसैले पाउँदैन*
*मनुष्यको क्षणिक चोला*
*जसरी फर्केर आउँदैन*
*कलकल बगेको खोला ।’*

संग्रहमा मायाप्रेम, प्राकृतिक सौन्दर्य, सामाजिक विषय, राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजना, पूर्वराजा महेन्द्रको सालिक, स्वदेशका दाउन्ने, विराटनगर, इलामलगायत स्थान यात्राको अवसरमा देखिएका विषय, विदेशयात्रा गर्दा देखिएका दृश्य, मौलिक पहिरनलगायत विषयमा आठ पङ्क्तिका कविता रचना गरिएको छ ।

संग्रहमा ‘योजनाबिनाको शहर’, ‘श्रीदेवीको जादु’, ‘रोमियो र जुलियट’, ‘राम्रो हाम्रो देश’, ‘शिवपुरीको ट्रेकिङ’, ‘नौनीजस्तो दिल’, ‘सरकारी जागिर’, ‘श्रीमतीको गाली’, ‘आमाको गर्भ’, ‘राजधानीको पीडा’, ‘भगवान्को विष’, ‘बालुवाटारको जग्गा’, ‘चौबन्दी चोलो’, ‘विषादी तरकारी’, ‘सडकको जाम’, ‘तराईको दुःख’, ‘सिमलको भुवा’, ‘काठमाडौं शहर’, ‘शरद ऋतु’, ‘नौबिसेको जाम’, ‘जवानीको मात’, ‘अपार्टमेन्टको बसाइ’, ‘गुलाबको काँडा’, ‘फूलचोकीको हिउँ’, ‘टिपरको आतङ्क’ र ‘ज्ञानको शक्ति’ जस्ता आठ पङ्क्तिका कविताले विशेष सन्देश दिएका छन् ।

कवि सुवेदी ‘तिम्रो यादमा’ शीर्षकको कविता मष्तिष्कबाट उत्पन्न भएको सुनाउँछन् । कविको मष्तिष्क यसरी कवितामा रूपान्तरित हुन्छ-

*’वर्षा महिना असारमा*
*सकिदैन खोला थुन्न*
*जूनतारा दिएपनि*
*रहर छैन बयान सुन्न ।*

*जति नजिक भए पनि*
*शायद कहिले भेट हुन्न*
*मलाई छाडी गए पनि*
*तिम्रो यादमा अब रुन्न ॥’*


साप्ताहिकरूपमा शुक्रबार सामाजिक सञ्जालमा कविता पोष्ट गर्नुअघि पनि सुवेदीले कविता रचना गरेका थिए । राष्ट्रिय योजना आयोगमा कार्यरत छँदादेखि नै कविता लेखेर विभिन्न प्रतियोगितामा पुरस्कार पनि प्राप्त गरेको उनी सुनाउँछन् । कविता लेख्न बसेका बेला बीचमा अड्किएपछि उनी हिँडडुल गरी कवितालाई पूर्णता दिने गरेको बताउँछन् ।

पद्मोदय माध्यमिक विद्यालयमा अध्ययन गर्दादेखि लेखनयात्रा शुरु गरेका कवि सुवेदीले विद्यार्थी जीवनमा निबन्ध प्रतियोगितामा पहिलो भएर पटकपटक पुरस्कार प्राप्त गरेका छन् । ‘मधुपर्क’ मासिक र गोरखापत्र दैनिकको शनिवासरीय परिशिष्टाङ्कमा कथा, कविता लेखेर नियमित प्रकाशित गर्दै आएका सुवेदीको यो पहिलो कृति हो ।

सरल भाषामा लेखिएका सुवेदीका कविता सामाजिक सन्देश दिन सफल छन् । प्रत्येक महिनाको अन्तिम शुक्रबार महफिल काव्य उपासनाले आयोजना गर्ने साहित्यिक कार्यक्रममा नियमित सहभागी हुँदासमेत संग्रह प्रकाशन गर्ने हुटहटी जागेको उनी बताउँछन् । साप्ताहिकरूपमा शुक्रबार सामाजिक सञ्जालमा कविता पोष्ट गर्न थालेपछि कवि सुवेदीलाई पछ्याउने बढेका छन् । कविता मन पराउने र टिप्पणी गर्नेको संख्या पनि अधिक छ ।

कविता संग्रह गत वर्ष चैत दोस्रो साता राष्ट्रकवि माधवप्रासद घिमिरेले सार्वजनिक गर्ने कार्यक्रम तय गरिएको थियो । कोरोना भाइरसको संक्रमणका कारण बन्दाबन्दी जारी भएपछि उनले टेलिफोनबाट नै शुभकामना सन्देश दिएका थिए । छोटो, मिठो र रोचक शैलीमा कविता रचना गर्न निकै मेहनत गरेको उल्लेख गर्दै राष्ट्रकवि घिमिरेले निरन्तरता दिन पनि सुझाव दिएका थिए ।

## टेलिभिजन कार्यक्रम ‘जातको प्रश्न’ चलाउँदै हमाल




**काठमाडौं/मस–** टेलिभिजन कार्यक्रम ‘जातको प्रश्न’ मार्फत अभिनेता राजेश हमाल सानो पर्दामा देखिन लागेका छन् । ‘जातको प्रश्न’ कान्तिपुर टेलिभिजन मार्फत आगामी शनिबारबाट नियमित प्रसारण हुन लागेको हो । साँझ साढे ६ बजे प्रशारण हुने सो कार्यक्रम समता फाउन्डेशनको प्रस्तुति रहेको छ । कार्यक्रमको बारेमा समता फाउन्डेसनले बिहीबार एक प्रेस मिट मार्फत विस्तृत जानकारी गराउँदैछ ।

राजेशले टेलिभिजनमा यस अगाडि ‘को बन्छ करोडपति’ र ‘वाइ वाइ क्वीज’ संचालन गरेका थिए । धेरै पहिले फिल्मबाट केही फुर्सदिलो भएको समय अभिनेता निर्देशक दिनेश डिसीले राजेशलाई ‘वाई वाई क्वीज’मा सहभागी गराएका थिए । अहिले फेरि राजेश फुर्सदमा रहेको बेला कान्तिपुर टेलिभिजन मार्फत डिसीले नै ‘जातको प्रश्न’ कार्यक्रममा सहभागी गराएका हुन् । ‘जातको प्रश्न’ एउटा बहस विशेष कार्यक्रम हो । कार्यक्रममा जातपात र यसको कारणले हुने विभेदको विषयमा राजेश फिल्डमा उत्रिएर बहस चलाउने छन् ।

अभिनेता राजेश हमाललाई दर्शकले फिल्मको पर्दामा नदेखेको धेरै भयो । केही समययता ठूलो पर्दाबाट बाहिर रहेपछि उनका विषयमा विभिन्न टिकाटिप्पणीसमेत हुँदै आएको छ । पछिल्लो समय अभिनेत्री दीपाश्री निरौलाले एक टेलिभिजन कार्यक्रममा राजेश हमाललाई ‘महानायक’ भनिएकोप्रति प्रश्नसमेत उठाएकी थिइन् । निरौलाले अहिलेको कोरोना महामारीको विषम परिस्थितिमा राजेशले अप्ठेरोमा परेका चलचित्रकर्मीहरुलाई सहयोग नगरेको भन्दै ‘महानायक हुनुहुन्छ र ?’ भन्दै प्रश्न उठाएपछि चलचित्र क्षेत्रमा तरंग नै आएको थियो ।

सो अभिव्यक्तिपछि अभिनेत्री निरौलालाई राजेशका समर्थकले सामाजिक सञ्जालमा गाली गलौज नै गरेका थिए । लामो समयसम्म समर्थकले उनलाई गाली गलौज गर्न नछाडेपछि राजेश आफैं फेसबुक लाइभमा आएर माफी दिन दर्शकसामू आग्रह गरेपछि माहोल साम्य भएको थियो । तर अझै पनि राजेशका केही समर्थकले भने गाली गलौज गर्न छाडेका छैनन् ।

## रियाविरुद्ध सुशान्तका बुवाले दिए उजुरी





**काठमाडौं/एजेन्सी–** बलिउड अभिनेता सुशान्तसिंह राजपुतको आत्महत्या प्रकरण नयाँ मोडमा आइपुगेको छ । झण्डै ४० जनाभन्दा बढीसँग सोधपुछ गरेर पनि ‘क्लु’ पाउन नसकेको प्रहरीका लागि पिता केके सिंहले उजुरी (एफआईआर) दर्ता गराएपछि यो मुद्दामा अनुसन्धानको बाटो खुलेको छ ।

सुशान्तका पिताले पटना प्रहरीमा उजुरी दिएका छन् । सुशान्तकी ‘प्रेमिका’ रिया चक्रवर्तीविरुद्ध विभिन्न गम्भीर आरोप लगाउँदै पिताले उजुरी दिएका हुन् । उजुरीपछि प्रहरीले नयाँ शिराबाट अनुसन्धान अघि बढाएको छ । यसअघि नै मुम्बई पुलिसले रियासँग सोधपुछ गरिसकेको छ । अब उजुरीपछि गिरफ्तार गरेर अनुसन्धान गरिनेछ । सुशान्तका पिताले रियाका साथै उनका परिवारका सदस्य इंद्रजीत चक्रवर्ती, संध्या चक्रवर्ती, शोविक चक्रवर्तीविरुद्ध गत आइतवार राजीव नगर थानामा आईपीसीको धारा ३४१, ३४२, २८०, ४२०, ४०६, ४२० र ३०६ अन्तर्गत उजुरी दर्ता गराएका हुन् ।

उजुरीमा रियामाथि सुशान्तलाई प्रेम जालमा फसाएर, ब्ल्याकमेल गरेर पैसा हडपेको आरोप लगाइएको छ । साथै छोरा सुशान्तलाई प्रताडित गरेर आत्महत्या गर्नका लागि उत्तेजित गरेको र परिवारबाट टाढिन बाध्य पारेको आरोप पनि लगाइएको छ । रिया र उनको परिवारका सदस्यले भूतप्रेतको कुरा गरेर सुशान्तलाई मुम्बईस्थित घर छाड्न बाध्य पारेको आरोप पिताले लगाएका छन् । यसको असर सुशान्तको मस्तिष्कमा परेको र मुम्बई विमानस्थलनजिकै रिसोर्टमा सिफ्ट गरेको उजुरीमा उल्लेख छ ।

उजुरीमा रियाले सुशान्तलाई भावनामा बहकाउने र तिमीमा दिमागी समस्या भएको भन्दै बारम्बार भन्ने गरेको उल्लेख छ । उपचारका लागि दबाब दिएको पनि उल्लेख छ । यो कुरा थाहा पाएपछि आफ्नी छोरीले सुशान्तलाई फिर्ता ल्याउने प्रयास गरेको तर रिया र उनका परिवारका सदस्यले उपचारको कुरा गरेर मुम्बईमै रहन दवाब दिएको उल्लेख छ ।

त्यसैगरी उजुरीमा रियाका परिवारले उपचारको बहानामा सुशान्तलाई आफ्नो घरमा लगेर औषधिको ओभरडोज दिएको र बाहिर रियाले सुशान्तलाई डेंगु भएको र उपचार भइरहेको प्रचार गरेको तर डेंगु नभएको कुरा पिताले उल्लेख गरेका छन् । उपचारकै क्रममा रिया र उनको परिवारले सुशान्तको सबै कुरामा कब्जा गरेको र सुशान्त पनि आफूहरुसँग टाढिएको उल्लेख छ ।

उजुरीमा पिताले सुशान्तलाई प्रस्तावित फिल्म आउँदा रियाले आफूलाई अपोजिट लिड कलाकारमा राख्नुपर्ने नत्र सुशान्त फिल्म नगर्ने भन्दै शर्त राख्ने गरेको र यतिमात्रै होइन सुशान्तसँग जोडिएका विश्वसनीय कर्मचारीलाई रियाले हटाएर आफ्ना मान्छे राखेको उल्लेख छ । ‘रियाले सुशान्तको फोन नम्बर पनि बदलेकी थिइन् । यसकारण सुशान्तसँग नियमित कुरा हुन छाड्यो । त्यो बेला सुशान्तले मसँग यिनीहरुले मलाई पागलखाना पठाउन खोजिरहेका छन् तर म केही गर्न सकिरहेको छैन भनेका थिए । लगत्तै सुशान्त मेरी छोरीसँग भेट्न दिल्ली गए । आएको ३ दिन भएको थियो, रियाले पटक पटक फोन गरेर फिर्ता आउन भन्न थालिन,’ उजुरीमा पिता केके सिंहले लेखेका छन् ।

पिता केकेले उजुरीमा यो पनि आरोप लगाएका छन् कि रियाले सुशान्तलाई पागल भएको रिपोर्ट सार्वजनिक गरिदिने धम्की दिएकी थिइन् । ‘मेरो छोरा फिल्म लाइन छोडेर केरलको कुर्गमा आर्गानिक खेती गर्न चाहन्थ्यो । तर रियाले विरोध गरिन् । नमाने मिडियामा पागल भएको मेडिकल रिपोर्ट सार्वजनिक गरिदिने धम्की दिइन् । सबै तिमी पागल हो भनेर भनिदिन्छु,’ उजुरीमा भनिएको छ, ‘सुशान्तले आफ्नो कुरा नमान्ने र उनको बैंक ब्यालेन्स कम भइरहेको भन्ने लागेपछि रियाले ८ जुनमा सुशान्तको घरबाट कैयौ सामानहरु क्यास, ल्यापटप, क्रेडिट कार्ड, सुशान्तका जरूरी दस्तावेज र उपचारका कागजात उठाएर लगिन् । छोराको नम्बर आफ्नो फोनमा ब्लक गरिन् ।’

## केजीएफमा सञ्जयको भयंकर लुक्स




**काठमाडौं/एजेन्सी–** ‘केजीएफ २’ मा अभिनेता सञ्जय दत्तको पात्र अधिराको लुक भएको पोस्टर सार्वजनिक गरिएको छ । अभिनेता दत्तको ६१औं जन्मदिनको अवसरमा बुधबार पोस्टर सार्वजनिक गरिएको हो । रिलिज पोस्टरमा दत्तको लुक ‘भाइकिंग्स’ सिरिजका योद्धासँग मिलेको छ । पोस्टर ट्विटर ह्यान्डलमा सेयर गर्दै दत्तले लेखेका छन्, ‘यसमा काम गर्न पाउँदा खुसी लाग्यो, जन्मदिनको अवसरमा योभन्दा राम्रो उपहार म माग्न सक्दिनँ ।’

अभिनेता सञ्जयको विशाल शारीरिक बनावट र लुकले उनलाई ‘केजीएफ २’ को खलनायकको भूमिकामा सुहाएको छ । अधिरालाई थानोससँग तुलना गर्दै सञ्जय भन्छन्, ‘केजीएफको अधिरा निकै शक्तिशाली पात्र हो । यो एभेन्जर्सको थानोसभन्दा पनि शक्तिशाली पात्र हो ।’ खलनायक अधिरा एक रहस्यमय पात्र भएको निर्देशक प्रशान्त नीलले बताए । यद्यपि अधिरा एक क्रुर मालिकका रूपमा चिनिए पनि उनी बोलीको पक्का र बफादार भाइ पनि हुन् ।

यसअघि चलचित्र ‘अग्निपथ’ मा सञ्जयले निभाएको खलनायक पात्र कान्चा चिना हिन्दी चलचित्रका खलनायक पात्रहरूबीच आइकनिक बनेको थियो । यसै वर्षको अक्टोबर २३ मा रिलिज मिति तोकिएको यस चलचिको महामारीका कारण छायांकन स्थगित भएसँगै रिलिजबारे अन्योल भएको छ ।

## पत्रकार बरालको नयाँ गीत सार्वजनिक




**काठमाडौं/मस–** पत्रकार तथा गायिका ईश्वरी बरालको ‘हरेक रात सपनीमा हुन्छु तिम्रै रानी’ बोलको लोक आधुनिक गीत सार्वजनिक भएको छ । गीतकार क्षितिज समर्पणको शब्द र सङ्गीतकार राजकुमार शाहीको सङ्गीत संयोजन रहेको सो गीत एक्का कम्पनीको युट्युब च्यानलमार्फत मङ्गलबार सार्वजनिक गरिएको छ ।

सञ्जय हमालले एरेन्ज गरेको उक्त गीतको सम्पादन पनि राजकुमारले नै गरेका छन् । डान्सिङ विधाको गीत युवायुवतीको मायाप्रेममा आधारित छ । गायिका बराल, रचनाकार क्षितिज समर्पण र सङ्गीतकार शाही पत्रकारिता क्षेत्रमा सक्रिय छन् । बरालले यसअघि ‘लभ पर्न सक्छ’ बोलको गीतमा स्वर दिएकी थिइन् ।

# अधुरा काम पूरा गर्छु : सदस्य सचिव सिलवाल



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १४ साउन

राष्ट्रिय खेलकुद परिषद्‌राखेपका नवनियुक्त सदस्यसचिव रमेशकुमार सिलवालले आफू सधैं पारदर्शी भएर काम गर्ने बताएका छन् । जहिले पनि आफू पारदर्शीताको पक्षमा रहेको बताउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोग नधाउन आग्रह गरे ।

अख्तियारमा आफू धाउनुपर्ने अवस्था कहिल्यै नआउने दाबी गर्दै सिलवालले भने, 'तथ्य र प्रमाण छ भने मसँग आउनुस् । छलफल गर्न तयार छु ।' राष्ट्रिय खेलकुद विकास ऐन २०७७ लागु भएपछि पदमुक्त भएका सिलवाललाई सरकारले नयाँ ऐनअनुसार पुनः सोमबार राखेपको सदस्यसचिव नियुक्त गरेको थियो ।

पदबहालीपछि आयोजित पत्रकार सम्मेलनमा सिलवालले आफूविरुद्ध अख्तियारमा परेको उजुरीबारे उनले लामै समय खर्चिए । सदस्यसचिव सिलवालले काम नगर्ने खेल संघमाथि निगरानी र काम गर्ने संघलाई प्रोत्साहन गरिने पनि बताए । अब नयाँ खेलकुद अनुसार खेल संघहरुलाई पनि परादर्शी तरिकाले अघि बढ्नु पर्नेमा जोड दिए । १३ औं सागमा पदक जित्ने खेल संघहरुलाई पुरस्कार दिने भनिए पनि जम्मा २ वटा संघले मात्रै यो पुरस्कार पाएको प्रशंगमा सदस्य सचिव सिलवालले भने अहिले रहेका खेलसंघहरुमा समस्या नभए पनि विगतको नेतृत्वका कारण वेरुजु देखिएको बताए । उनले भने 'उदाहरणका लाीग भलिबल संघमा मनोरञ्जन शर्मा नेतृत्वको र फुटबल संघमा कर्माछिरिङ शेर्पा आएपछि कुनै बेरुजु छैन । तर विगतको नेतृत्वले फर्स्योट नगर्दा पुरस्कार रकम नपाएको हो ।'

सदस्यसचिव सिलवालले काम नगर्ने खेल संघमाथि निगरानी र काम गर्ने संघलाई प्रोत्साहन गरिने पनि बताए । अब नयाँ खेलकुद अनुसार खेल संघहरूलाई पनि परादर्शी तरिकाले अघि बढ्नु पर्नेमा जोड दिए ।



**रमेश सिलवाल**
सदस्यसचिव

सिंहदरबारमा युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्मासँग सपथ लिएपछि राखेप परिसर त्रिपुरेश्वरमा पदबहाली गरेका सदस्य सचिव सिलवालले उनले कोरोना भाइरसको महामारीपछि खेलकुदलाई सुचारु गर्न पहिलो चरणमा व्यक्तिगत स्पर्धाका खेल र त्यसपछि समूहगत खेलका प्रशिक्षण गराउने योजना पवनि सुनाए । यस्तै उनले सन् २०२२ मा ठूलै अन्तर्राष्ट्रिय प्रतियोगिता नेपालमा गर्ने तयारी रहेको पनि बताएका छन् ।

प्रशिक्षकहरुलाई काम गरेको अवधिभन्दा पनि क्षमताका आधारमा अवसर दिइने सिलवालको भनाई छ । १३ औं दक्षिण एसियाली खेलकुद-सागको खर्च विवरण चाँडै सार्वजनिक गरिने उनले बताए । प्रतियोगिता व्यवस्थापनमा कुनै अनियमितता नभएको उल्लेख गरे ।

कार्यक्रममा युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्माले नयाँ खेलकुद ऐनले राष्ट्र र खेलाडीको आवश्यकता पुरा गर्ने विश्वास व्यक्त गरे । नयाँ खेल कार्यान्व्यनका चरणमा रहेकाले यसमा आउने समस्या समाधानका लागि आफू सधै तयार रहेको बताए ।

मन्त्रालयका सचिव रामप्रसाद थपलियाले खेलकुद बुझेको नेतृत्व राखेपमा आएकाले विगतका कमि कमजोरीह सच्याएर अघि बढ्ने विश्वास व्यक्त गरे । सचिव थपलियाले उपाध्यक्ष कोइरालाला र सदस्य सचिव सिलवाललाई चार वर्षे कार्यकाल सहित नियुक्ति पत्र मन्त्रालयमै हस्तान्तरण पनि गरेका थिए ।

सिलवाल दोस्रोपटक सदस्य सचिव पदमा नियुक्त भएका हुन् । नयाँ खेलकूद विकास ऐन, २०७७ कार्यान्वयनपछि स्वतः खारेज भएको सदस्य सचिवको पदमा पहिलोपटक छनोटका आधारमा सिलवाल पुनःनियुक्त भएका हुन् । उनी गत वर्ष असार २३ गते सदस्य सचिव पदमा पहिलोपटक नियुक्त भएका थिए । नयाँ ऐन कार्यान्वयनसँगै यही असार १८ गते उनी पदमुक्त भएका थिए ।

राखेपमा पहिलोपटक खुला आह्वानद्वारा सदस्य सचिव नियुक्त भएको हो । यसअघि राजनीतिक आधारमा नियुक्ति हुने परम्परा थियो । युवा तथा खेलकूद मन्त्रालयका सचिव रामप्रसाद थपलिया, राखेपकी पूर्वसदस्य इन्दिरा निरौला र राखेपका पूर्वअधिकृत रिम रानाभाट सदस्य रहेको समितिले सिलवासहित राष्ट्रिय महिला भलिबल टोलीकी पूर्वकप्तान अञ्जु श्रेष्ठ र नेपाल भलिबल सङ्घका पूर्वउपाध्यक्ष लिलबहादुर थापाको नाम सिफारिस गरेको थियो ।

कार्यक्रममा राखेप सदस्य सचिव सिलवालले आफ्नो एकवर्षे कार्यकालमा धेरै कुरा बुझ्ने अवसर पाएको भन्दै खेलकूद क्षेत्रलाई आफ्नो जीवनको महत्वपूर्ण अङ्ग बनाएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## सामूहिक नेतृत्वमा अघि बढ्छौं : कोइराला



सिंहदरबारमा बुधबार नै राखेपका नवनियुक्ति उपाध्यक्ष शिब कोइराला -ज्वाला) ले पनि पद तथा गोपनियताको सपथ लिएका थिए । सपथ ग्रहण पछि आयोजित कार्यक्रमलाई छोटो सम्बोधन गरेका कोइरालाले खेलाडी भएर बाँच्न सकिने वातावरण बनाउनका लागि आफूहरुको नेतृत्व सधैं लाग्ने पृष्ट पारे । यसैगरी एक जनाको मात्रै सफलताले समग्र खेलकुदको सफलता दाँज्न नमिल्ने बताउँदै कोइरालाले सदस्य सचिव लगाएत राखेप बोर्डसँग मिलेर काम गर्ने प्रष्ट पारे । उनले बुधबार नै राखेप परिसर त्रिपुरेश्वर पुगेर पदभार पनि ग्रहण गरेका छन् ।

कोइराला भने राखेपमा पहिलोपटक प्रवेश गरेका हुन् । गत वर्ष मङ्सिरमा नेपालमा नै आयोजना भएको १३औं दक्षिण एशियाली खेलकूद (साग) मा कोइरालाले प्रचारप्रसार विभागको संयोजकका रुपमा काम गरेका थिए ।

# सिपिएल खेल्न सन्दीप आज जाने



सिपिएल खेल्नका लागि सन्दीप साउन १७ गतेसम्म पुगिसक्नु पर्नेछ । सरकारले अन्तर्राष्ट्रिय हवाई उडान आगामी भदौ १ गतेदेखि मात्र खोल्ने निर्णय गरेपछि सन्दीपलाई क्रिकेट खेल्नका लागि विदेश जान समस्या भएको थियो ।

**काठमाडौं, रासस-** नेपाली क्रिकेट खेलाडी सन्दीप लामिछाने क्यारेबियन प्रिमियर लिग (सिपिएल) खेल्न जाने तय भएको छ । उनी सिपिएल खेल्न बिहीबार ट्रिनिडाड एन्ड टोबागोतर्फ जानेछन् ।

कोरियन एयरको चार्टर्ड जहाजमा सन्दीप टोबागो जान लागेको उनका व्यवस्थापक रमन सिवाकोटीले जानकारी दिए । यसअघि हवाई उडानको यकिन नहुँदा उनी टोबागो जानेबारे अन्योल थियो । 'बिहीबार उड्ने पक्कापक्की छ, अब कुनै द्विविधा छैन', सिवाकोटील भने । सरकार र अन्य विभिन्न निकायबाट सहयोग प्राप्त भएपछि सन्दीप टोबागो जान सहज भएको उनले बताए । टोबागो उड्नुअघि उनले मङ्गलबार पिसिआर परीक्षण गराएका छन् । सन्दीपले सानेपास्थित स्टार हस्पिटलमा स्वाब परीक्षणका लागि दिएका छन् । परीक्षणको नतिजा पनि नेगेटिभ आएको छ ।

सिपिएल खेल्नका लागि सन्दीप साउन १७ गतेसम्म पुगिसक्नु पर्नेछ । सरकारले अन्तर्राष्ट्रिय हवाई उडान आगामी भदौ १ गतेदेखि मात्र खोल्ने निर्णय गरेपछि सन्दीपलाई क्रिकेट खेल्नका लागि विदेश जान समस्या भएको थियो । सरकारले सहयोग गरेकै कारण सन्दीपको टोबागो यात्रा सहज भएको हो । उनले टोबागो पुगिसकेपछि १४ दिन क्वारेन्टिनमा बस्नु पर्नेछ ।

सन्दीप यस यामको सिपिएलका लागि जमैका तल्लावाहजबाट अनुबन्धित भइसकेका छन् । उनलाई जमैकाले एक लाख ३० हजार अमेरिकी डलर (रु एक करोड ५६ लाख) मा अनुबन्ध गरेको हो । उनी उक्त टिमको मार्की खेलाडी पनि हुन् । सन्दीपले यसअघि पहिलो र दोस्रो संस्करणको सिपिएल खेलिसकेका छन् । सिपिएल आगामी भदौ २ देखि भदौ २५ गतेसम्म चल्नेछ । सिपिएलमा जमैकासँगै बार्बेडोस् ट्रिडेन्ट्स, ट्रिनबागो नाइट राइडर्स, गुएना अमेजन वारियर्स, सेन्ट लुसिया जौउक्स र सेन्ट किट्स एन्ड नेभिस प्याट्रिओट्सले प्रतिस्पर्धा गर्नेछन् । सिपिएलमा कूल ३३ खेल हुनेछन् । कोरोना भाइरसका कारण ती सबै खेल बिनादर्शक खेलाइनेछन् । सन्दीप तेस्रोपटक सिपिएल खेल्ने तयारीमा छन् । उनले यसअघि सन् २०१८ मा पहिलोपटक सेन्ट किट्स एन्ड नेभिस पेट्रियट्सबाट खेलेका थिए । त्यसका लागि उनलाई पाँच हजार अमेरिकी डलर पारिश्रमिक दिइएको थियो । उनले सो प्रतियोगितामा पाँच खेलमा सात विकेट लिएका थिए ।

यस्तै दोस्रोपटक सिपिएल सन्दीपले सन् २०१९ मा बार्बाडोस ट्राइडेन्ट्सबाट खेलेका थिए । उनले ६ खेलमा आठ विकेट लिएका थिए । सन्दीपले गत वर्ष ७० हजार अमेरिकी डलर पारिश्रमिक प्राप्त गरेका थिए । यस वर्षको सिपिएलका लागि १९ वर्षीय सन्दीपले आफ्नो अनुबन्धित मूल्य ९० हजार अमेरिकी डलर तोके पनि उनलाई एक लाख ३० हजार डलर दिने सम्झौता भएको छ ।

## सन्दीपले ग्राउण्ड स्टाफलाई गरे सहयोग

**काठमाडौं, मस-** नेपाली युवा क्रिकेटर सन्दीप लामिछानेले कीर्तिपुर क्रिकेट मैदानका कर्मचारीहरुलाई एक लाख सहयोग प्रदान गरेका छन् ।

मैदानको रेखदेख तथा मर्मतमा काम गरिरहने कर्मचारीहरुलाई सन्दीपले सहयोग स्वरुप सो रकम दिएका हुन् । क्यारेवियन प्रमियर लिग खेल्नका लागि जमाइका जाँदै गरेका सन्दिपले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा यसको घोषणा गरेका हुन् । कीर्तिपुर मैदानमा १५ जना कर्मचारीहरु छन् ।

क्यारेवियन प्रिमियर लिग खेल्नका लागि सन्दिप विहीबार चार्टर्ड उडानमार्फत अमेरिका हुँदै जमाइका पुग्नेछन् । पत्रकार सम्मेलनमा सन्दिपले आफू नयाँ टिमबाट खेल्नका लागि उत्साहित रहेको प्रतिक्रिया दिए । लडाउनका कारण आराम गर्ने मौका मिलेकोले लिगमा आफ्नो प्रदर्शन राम्रो हुने आशा ब्यक्त गरे ।

# इंग्ल्याण्ड टेस्ट च्याम्पियनसिपमा तेस्रो स्थानमा



**काठमाडौं, एजेन्सी-** २०१९ को अगस्ट १ तारिखदेखि आईसीसी वल्ड टेस्ट च्याम्पियनसिप शुरु भएको थियो । टेस्ट च्याम्पियनसिपमा ९ वटा टिमले प्रतिस्पर्धा गरिरहेका छन् ।

एउटा टिमले बाँकी ८ मध्य ६ टिमसँग दुई वर्ष लगाएर टेस्ट च्याम्पियनसिप खेल्ने तालिका यसअघि नै तय थियो । तर कोरोना भाइरसको महामारीका कारण तीन महिना स्थगित भएको क्रिकेट अहिले बन्द रंगशालामा फर्किएको छ । जस अनुसार पहिलो टेस्ट सिरिज अन्तरगत इंग्ल्याण्ड र वेस्टइण्डिज भिडेका थिए । तीन वटा टेस्ट म्याचको सिरिज इंग्ल्याण्डले २-१ ले जितेको छ ।

यो सिरिजसँगै इंग्ल्याण्ड तेस्रो स्थानमा उक्लिएको छ । वेस्टइण्डिज सिरिज अघि चौथो स्थानमा रहेको इंग्ल्याण्ड सिरिज जितेपछि तेस्रो स्थानमा उक्लिएको हो । तेस्रो स्थानमा रहेको इंग्ल्याण्डले १२ वटा टेस्ट म्याच खेल्दा ७ मा जित ४ मा हार र एकमा बराबरी गर्दै २२६ अंक जोडेको छ ।

शीर्ष स्थानमा भने भारत रहेको छ । भारतले अहिलेसम्म तालिकामा ३६० अंक जोडेको छ । भारतले ९ मध्य ७ म्याचमा जित हात पार्दा २ म्याचमा भने पराजयको स्वाद पनि चाखेको छ ।

अस्ट्रेलियाले १० म्याचमा ७ मा जीत २ मा हार र १ मा ड्र गर्दै २९६ अंक जोड्दै दोस्रो स्थानमा छ । यसअघि तेस्रो स्थानमा रहेको न्युजिल्याण्ड चौथो स्थानमा झरेको छ । ७ मध्य ३ मा जीत र चारमा हार ब्यहोरोको न्यूजिल्याण्डले १८० का साथ चौथो स्थान बनाएको छ ।

त्यस्तै पाकिस्तालने ५ म्याचमा २ मा जीत २ मा हार र एक ड्र गर्दै १४० अंकका साथ पाँचौं साथनमा राख्दा ४ म्याच मध्य १ मा जीत २ मा हार र एकमा ड्र खेलेको श्रीलंका छैटौं स्थानमा छ । चार मध्य श्रीलंकाले एकमा जित २ मा हार र एक खेल बराबरी गर्दै ८० अंक बनाएको छ । इंग्ल्याण्डविरुद्ध पहिलो टेस्टमा जित निकालेको वेस्टइण्डिजले ४० अंक मात्रै जोडेको छ ।

उसले अहिलेसम्म टेस्ट च्याम्पियनसिपका ५ म्याच खे ल्दा १ मा जीत र ४० मा हार ब्यहोरेको छ । यसैगरी दक्षिण अफ्रिकाले जम्मा खेल खेलमा जीत हात पार्दै आठौं स्थानमा राखेको छ । उनले सात म्याच मध्य १ मा जीत र ६ म्याचमा हार व्याहोर्दै जम्मा २४ अंक मात्रै जोडेको छ । नवौं स्थानमा रहेको बंगलादेशले भने तालिकामा अंक जोड्न सकेका छैन । बंग्लादेशले टेस्ट च्याम्पियनसिप अन्तर्गत ३ म्याच खेल्दा तीन वटैमा हार ब्यहोरेको छ ।

सवै टिमले ६ सिरिज मध्य तीन वटा आफ्नै भूमिका र तीन वटा विदेशी भूमिमा खेल्नु पर्ने छ । २०२१ मा शीर्ष २ स्थानमा रहने टिमबीच लड्समा फाइनल हुने छ । फाइनल पनि ड्र भए शीर्ष स्थानमा रहने टिमले ट्रफि जित्ने छ ।

एक सिरिज बराबर १२० अंक रहेको छ । जसमा जति वटा टेस्ट हुन्छ त्यसले १२० लाई भाग गर्दा आउने प्वाइन्ट एक म्याच जित्ने टिमले पाउँछ । यदि बराबरी भयो भने दुवै टिमले अंक बाड्छन् ।

# भाटियाले लिए सन्यास



**काठमाडौं, एजेन्सी-** भारतीय घरेलु क्रिकेट रजत भाटीयाले क्रिकेट करियरबाट सन्यास लिएका छन् ।

सन्२००० बाट आफ्नो क्रिकेट करियर सुरु गरेका भाटियाले सक्रिय खेल जीवनबाट सन्यास लिने निर्णय गरेका छन् ।

४० बर्षे भाटियाले २०१८-१९ सम्म उत्तराखण्डबाट घरेलु क्रिकेट खेलेका थिए । तर उनी अघिल्लो बर्ष त्यो टिममा छनोट हुन सकेनन् । त्यसपछि उनले आफ्नो करियरलाई विश्राम दिने मुडमा पुगेका हुन् ।

भाटीयाले ११२ पहिलो श्रेणीका खेल खेलेका थिए । जसमा ६ हजार चार सय ८२ रन बनाएका छन् । यसका साथै उनले १३७ विकेटपछि लिएका छन् ।

भाटीयाले लिष्ट ए मा तीन हजार ३८ रन बनाएका छन भने ९३ विकेट लिएका छन ।उनी आइपीएलमा राजस्थानबाट खेल्दा करियरमा ठुलो उचाइमा पुगेका थिए । दाँया हाते बलर भाटियाले २०१२ मा कोलकाताबाट खेल्दा टिमले उपाधि जितेको थियो । त्यो बेला उनले सचिनको विकेट लिएका थिए ।

भाटीयाले आइपीएलमा १४६ खेल खेलका छन् । जसमा १२५१ रन बनाएका छन भने १११ विकेट लिएका छन् ।

भाटीयाले आफ्नो करियर तामिलनाडुबाट गरेका थिए । त्यसपछि उनी दिल्लीबाट खेले । करियरको धेरैजसो समय उनले दिल्लीबाट खेलेका थिए । जहाँ उनले ५२५ रन र २६ विकेट लिएका थिए । दिल्लीबाट खेल्दा उनले २००७ र ०८ को सिजनमा रञ्जी ट्रफि जितेका थिए ।

# अभिषेकलाई भिजनको साथ



**काठमाडौं, एजेन्सी-** राष्ट्रिय फुटबल टिमका सदस्य अभिषेक रिजाललाई भिजन कन्सर्न प्रा. लिले प्रायोजन गरेको छ ।

बुधबार एक कार्यक्रमकाबीच भिजन कन्सर्नले युवा खेलाडी अभिषेकलाई एक बर्षको लागि सम्झौता गरेको हो । लाजिम्पाट र बौद्धमा रहेको भिजन कन्सर्नले नेत्र परिक्षण र चस्मा बिक्रि बितरण गर्दै आईरहेको छ ।

सम्झौता पत्रमा अभिषेक र भिजन कन्सर्नका सञ्चालक कृष्ण पोखरेलले हस्ताक्षर गरे । सम्झौता अनुसार भिजन कन्सर्नले एक बर्षका लागि अभिषेकको नेत्र (आँखा)परिक्षण गर्नेछ । यस्तै आवश्यक्ता अनुसार नेत्रका साधन उपलब्ध गराउने छ । रकम भने खुलाईएको छैन ।

लिग च्याम्पियन मछिन्द्र क्लबमा आबद्ध अभिषेकले भिजन कन्सर्नसँग जोडिदा निकै खुसी रहेको र आफुलाई यसले झनै प्रोत्साहन गर्ने बताए । 'चस्मा सम्बन्धित कम्पनीसँग जोडिन पाँउदा निकै खुसी छु । यसले आगामी दिनमा झनै प्रोत्साहन गर्नेछ ।' एन्फा एकेडेमीबाट उत्पादित अभिषेकले भने । सम्झौता लगत्तै भिजन कन्सर्नले अभिषेकको पुर्ण नेत्र चेकजाच गरेका थियो ।

अभिषेकले गतसाल मलेसिया भ्रमणमा राष्ट्रिय टिमबाट डेब्यु गरेका थिए । दोस्रो खेलमै चाईनिज ताईपेविरुद्ध गोल गर्दै रिजालले राष्ट्रिय टिममा आफुलाई स्थापित गरेका छन् । अभिषेक एसियाली फुटबल महासंघ (एएफसी)ले आयोजना गर्ने क्लब स्तरिय एएफसी कपमा गोल गर्ने पहिलो नेपाली खेलाडी समेत हुन् । उनले कीर्तिमानी आठौं पटक लिग च्याम्पियन मनाङ मर्स्याङ्दीबाट भारतको मिनेर्वा पञ्जाव (हाल पञ्जाब एफसी) विरुद्ध गोल गरेका थिए ।

भिजन कन्सर्नका सञ्चालक कृष्ण पोखरेलले राष्ट्रिय खेलाडी अभिषेकसँग जोडिन पाउँदा आफुहरु निकै गर्भवान्वित भएको र दुबैको सहकार्यमा आगामी दिनमा अगाडि बढ्ने बताए ।

# उमर अकमलको सजाय घट्यो

**काठमाडौं, एजेन्सी-** तीन बर्षको प्रतिबन्धमा परेका पाकिस्तानी क्रिकेट उमर अकमलको कारवाही घटेको छ ।

पाकिस्तानको उच्च अदालतले बुधबार अकमलको कारवाहिलाई आधा कम गरेको छ । पाकिस्तान क्रिकेट बोर्डले सुनाएको तीन बर्षको कारवाहिमा अकमलले अदालतमा उजुरी दिएका थिए । जसमा अदालतले डेढ बर्षमा झारेको हो ।

पीसीबीले अकमललाई म्याच फिक्सिङका लागि ब्रोकरले अप्रोच गर्दा बोर्डलाई जनाकारी नदिएको भन्ने आरोपमा कारवाहि सुनाएको थियो । गत फेब्रेवरीमा बोर्डको कारवाहिमा पर्दा उनी मानसिक रुपमा विरामी पनि रहेको भन्ने आरोप लगाएको थियो ।

अकमल यो कारवाहिपछि टिम बाहिर रहेका छन । बोर्डको निर्णयमा उनका दाई कमाल अकमलले पनि विरोध जनाएका थिए । २९ बर्षे अकमलले पाकिस्तानबाट एक सय २१ एकदिवसिय, ८४ टी २० र १६ टेष्ट खेलेका छन् ।

## विद्युतीय सवारीमा बढाएको करमा सर्वोच्चको कारण देखाउ आदेश

मध्यान्ह संवाददाता
काठमाडौं, १४ साउन

अर्थमन्त्री डा. युवराज खतिवडाले १५ जेठमा ल्याएको बजेटमार्फत विद्युतीय सवारीमा बढाइएको करका विषयमा सर्वोच्च अदालतले कारण देखाउन माग गरेको छ । बजेटपछि गैरसरकारी संस्था जुरी नेपालले सर्वोच्च अदालतमा यस विषयका सम्बन्धमा रिट दायर गरेर विद्युतीय साधनमा कर बढाउने सरकारी निर्णय खारेज गर्न माग गरेको थियो । अर्थमन्त्री खतिवडाले ल्याएको कर व्यवस्था हाल कार्यान्वयनमा गइसकेको छ । सर्वोच्च अदालतका न्यायाधीश डा.आनन्दमोहन भट्टराईको एकल इजलासले विद्युतीय सवारी साधानमा भएको कर वृद्धि गम्भिर प्रकृतिको विषय भएको भन्दै सरकारलाई कारण देखाऊ आदेश माग सहित अग्राधिकार दिई पेशी तोक्न भनेको छ । अत्यधिक कर लगाउने कार्यले विद्युतीय सवारी साधनलाई सर्वसाधारणको पहुँच भन्दा बाहिर पुर्याएको र विद्युतीय साधनको आयातलाई निरुत्साहित गरेको रिट निवेदनमा उल्लेख गरिएको छ ।



सरकारले यसअघि विद्युतीय सवारीमा १० प्रतिशत मात्रै भन्सार शुल्क लगाउने गरेको भए पनि बजेटमा यसलाई बढाएर ८० प्रतिशतसम्म पुर्याइएको छ । यद्यपि भन्सार शुल्कको ५० प्रतिशत सरकारले पुन: फिर्ता दिने भनेको छ। भन्सार शुल्कसँगै विद्युतीय सवारीको क्षमता अनुसार अन्त:शुल्क पनि बढेको छ। विद्युतीय सवारीमा ५० देखि सय किलोवाटसम्म ४० प्रतिशत, सयदेखि १५० किलोवाटसम्म ५० प्रतिशत र १ सय ५० देखि २ सय किलोवाटसम्मको क्षमताको विद्युतीय सवारीमा ६० प्रतिशत र २ सयदेखि ३ सय किलोवाटसम्म ७० प्रतिशत र त्यसभन्दा माथिको ८० प्रतिशत अन्त:शुल्क लाग्ने व्यवस्था बजेटले गरेको छ । दुई वर्षअघि साझा यातायातले सञ्चालन गरेको तीन वटा विद्युतीय बसको सेवा शुभारम्भ गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले सन् २०२० भित्र नेपालमा २० प्रतिशत सवारी साधन विद्युतीय हुने घोषणा गरेका थिए । प्रधानमन्त्री ओलीले उक्त घोषणा गरेयता सरकारले पटक-पटक विद्युतीय सवारी साधन प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाइ पनि रहेको थियो । तर, यस वर्षको बजेटले विद्युतीय सवारी साधनमा लाग्दै आएको भन्सार र अन्त:शुल्क बढाएको थियो । त्यसयता नेपालमा उत्पादित विद्युतको उपयोग र वातावरणीय दृष्टिकोणले पनि विद्युतीय गाडीको प्रवर्द्धनको लागि केही वर्षयता पहल हुँदै आएको छ ।

विद्युतीय सवारी प्रवर्द्धन गर्न नेपाल विद्युत् प्राधिकरणका साथै निजी क्षेत्रबाट पनि देशैभर सवारी साधनको चार्जिङ स्टेसन निर्माणको तयारी गरिरहेको छ । तर विद्युतीय सवारी निरुत्साहित हुने गरी सरकारले कर बढाएका कारण सर्वोच्चमा रिट निवेदन परेको थियो । नेपालको संविधानको मौलिक हक तथा वातावरण संरक्षण ऐनको मर्म विपरीत आर्थिक ऐनले विद्युतीय साधनमा अत्यधिक कर वृद्धि गरेको भन्दै जुरी नेपालले सर्वोच्चमा रिट निवेदन दर्ता गराएको थियो ।

## गैरकानूनी सगुन इन्कर्पोरेशनमा लगानी नगर्न धितोपत्र बोर्डको आग्रह

**काठमाडौं/मस–**नेपाल धितोपत्र बोर्डले सगुनमा लगानी नगर्न आग्रह गरेको छ । बुधबार एक सूचना जारी गर्दै बोर्डले गैरकानुनी सगुनमा लगानी नगर्न आग्रह गरेको हो । केहि समय अघिदेखि नै धितोपत्र बोर्डले सगुनमा लगानीबारे गरिएको प्रचारबारे अध्ययन गरिरहेको बोर्डले जनाएको छ । सुचनामा भनिएको छ, 'केहि समय यता विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यमहरुमा विदेशमा दर्ता भएको सगुन इन्कर्पोरेशन जस्ता कम्पनीले नेपाली लगानीकर्तालाई लक्षित गरी धितोपत्रको सार्वजनिक निष्काशन जारी गरेको समाचार र विज्ञापनहरुप्रति बोर्डको गम्भिर ध्यानाकर्षन भएको छ ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २७ (१) मा संगठनित संस्थाले नेपालमा धितोपत्रको निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनुपर्ने र दफा २९ (१) मा संगठनित संस्थाले एक पटकमा ५० जना भन्दा बढि व्यक्तिहरुलाई धितोपत्र विक्रि वितरण गर्ने भएमा त्यस्तो धितोपत्रको विक्रि वितरणको निमित्त सार्वजनिक निष्काशन गर्नुपर्ने भन्ने व्यावस्था रहेको छ ।' त्यस्तै, बोर्डको स्किृती बिना नेपालमा धितोपत्रको निष्काशन गर्ने कार्य गैरकानुनी हुने र त्यस्तो धितोपत्रमा लगानी गर्दा विद्यमान कानुननको व्यावस्थाबाट लगानीकर्ताहरुको हित संरक्षण नहुने हुँदा कुनै पनि कम्पनीले गर्ने धितोपत्रको सार्वजनिक निष्काशनमा लगानी गर्दा बोर्डको स्किृती प्राप्त गरेको निष्काशनमा मात्र लगानी गर्न बोर्डले आब्ह्वान गरेको छ ।

अमेरिकामा स्थापना भएको सगुनले केहि समय अघि नेपालमा कार्यालय नै स्थापना गरेर सगुनमा लगानी गराउन प्रचारप्रसार गर्दै आएको थियो । त्यस्तै, भारत लगायत अन्य देशमा अफिस नै स्थापना गरेर आईपीओ बिक्रीका लागि प्रचारप्रसार गर्दै आएको छ ।

Sagoon
Connect • Share • Earn

## सिटिजन्स बैंकले साढे ९ प्रतिशत ब्याजदरमा एसएमई कर्जा दिने

Citizens Bank®

**काठमाडौं/मस–**सर्वसाधारणलाई गुणस्तरिय सेवा तथा सूविधा दिदैं आएको सिटिजन्स बैंकले ग्राहकहरुलाई लक्षित गर्दै विभिन्न विशेष सूविधा भएको 'सिटिजन्स घर कर्जा योजना' र एसएमई कर्जा (साना तथा मझौला कर्जा) सार्वजनिक गरेको छ । यस घर कर्जा योजना अन्तर्गत ग्राहकहरुले साढे ९ प्रतिशत वार्षिक ब्याजदरमा नै जग्गा/घर खरिद गर्न तथा घर निर्माण गर्न कर्जा प्राप्त गर्न सक्नेछन् ।

विश्वभरी फैलिएको कोरोना भाइरसले सृजना गरेको बिषम परिस्थितिको बाबजुद पनि कर्जालाई सरल र सहज तरिकाले ग्राहक सामू पस्कने उद्देश्यका साथ बैंकले यो आकर्षक योजना सार्वजनिक गरेको हो । ग्राहकहरुले कागजात पेश गरेको ३ कार्य दिन भित्र निर्णय हुने सरल प्रक्रिया सहितको यस २५ वर्ष सम्मको समयावधि भएको योजना अन्तगर्त घर कर्जा लिनुहुने सम्पूर्ण ग्राहक महानुभावहरुलाई नि:शुल्क क्रेडिट कार्ड प्रदान गरिने कुरा बैंकले जनाएको छ । यस आर्कषक घर कर्जा योजनाबाट ग्राहकहरुको जीवनमा खुसियाली थपिने अपेक्षा बैंकले लिएको छ । छोटो समयावधिको लागि संचालनमा ल्याईएको यस योजना बाट लाभन्वित हुन तथा थप जानकारीका लागि बैंकको देशै भरी रहेको नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्न बैंकले आग्रह गरेको छ । यसकासाथै बैंकले सिटिजन्स मोर्टगेज लोन (व्यक्तिगत कर्जा) १०.९९प्रतिशत वार्षिक ब्याजदरमा उपलब्ध गराउने छ। राज्यले लिएको विभिन्न किसिमका कर्जाहरुकालागि सजिलो ढंगले उत्साहपूर्ण किसिमले प्रवाह गर्न देशै भरी छरिएका बैंकका १०९ शाखाहरुबाट कार्यारम्भ समेत थालिएको छ ।

सो को लागि आवश्यक तयारी गरिसकिएको कुरा बैंकले जनाएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १०९ वटा शाखा, ९८ वटा ए.टि.एम. र १०४ वटा शाखा रहित बैंकिङ्ग एकाईहरुबाट करिव साढे ६ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ । ग्राहकवर्गहरुलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधाहरु, घरैमा बसेर बैंक खाता खोल्न सकिने अनलाईन सुविधा, रेमिट्यान्स सेवा, आस्वा, ड्राफ्ट, कार्ड सेवा,साथै कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिने जस्ता सुविधाहरु प्नि उपलब्ध गराउँदै आएको छ । सूचना प्रविधिमा आएको परिवर्तनलाई अंगिकार गर्दै यस बैंकले ग्राहकवर्गलाई घरमै बसेर छिटो, छरितो, चुस्त र दुरुस्त रूपमा वित्तीय सेवा सुविधा उपभोग गर्न मिल्ने विभिन्न प्रविधिमैत्री योजनाहरु समेत संचालनमा ल्याएको जनाएको छ ।

## प्रभु क्यापिटलको नयाँ योजना




**काठमाडौं/मस–** प्रभु क्यापिटलले साउन अफर सार्वजनिक गरेको छ । साउन महिनाभरी डिम्याट खाता खोल्दा ३ बर्षसम्मका लागि निशुल्क खाता उपलब्ध हुनेगरी कम्पनीले उक्त योजना सार्वजनिक गरेको हो ।

'प्रभु क्यापिटलसँग जोडौं नाता, पाउँ ३ वर्षसम्म नि:शुल्क डिम्याट खाता' भन्ने नाराका साथ सञ्चालित उक्त योजना अन्तर्गतको नि:शुल्क डिम्याट खाता सुविधा प्रभु क्यापिटल लिमिटेडको कार्यालय, कमलादी तथा प्रभु बैंक लिमिटेडको नेपाल भरी रहेका २ सय १० वटै शाखाबाट लिन सकिने व्यवस्था मिलाइएको छ । लगानीकर्तालाई खाता खोल्ने प्रक्रियालाई छिटो, छरितो र कम झण्झटिलो बनाउने अभिप्रायले कम्पनीले अनलाइनबाटै डिम्याट तथा मेरो शेयर खाता खोल्न सकिने सुविधा समेत सञ्चालन गरेको छ । डोमेनबाट अनलाइन फारम खोली ग्राहकहरुले आवश्यक सबै विवरणहरु राखेर फारम सबमिट गरेपछि पाउने रिफरेन्स कोड राखेर नजिकैको प्रभु बैंकको शाखा वा प्रभु क्यापिटलको कार्यालय कमलादीमा आफ्नो सक्कली नागरिकताका साथ आफैं उपस्थित भई खाता भेरिफाई गर्नुपर्नेछ । यसरी अनलाइनबाट बुझाएको डिम्याट खाताको आवेदन भेरिफाइ भएको २ घण्टा भित्रै ग्राहकले डिम्याट नं. पाइसक्ने व्यवस्था क्यापिटलले मिलाएको छ । यसका साथै क्यापिटलले ग्राहकहरुलाई डिम्याट खाताका सम्बन्धमा रहेका जिज्ञासा तथा समस्याहरुको सहजीकरण तथा निराकरण गर्ने अभिप्रायले भाइबर तथा फेसबुक पेज मार्फत ग्राहकहरुलाई परेका विभिन्न समस्याहरु जस्तै डिम्याट खाता सम्बन्धी जानकारी, नविकरण सम्बन्धी जानकारी, पासवर्ड रिसेट सम्बन्धी जानकारी तथा खाता ब्लक अनब्लक सम्बन्धी जानकारी तथा आवश्यक सेवाहरु प्रदान गर्ने व्यवस्था मिलाएको हुँदा प्रभु क्यापिटलमा डिम्याट खाता खोल्ने ग्राहकले आगामी दिनमा एकदमै छिटो सेवा लिन पाउने व्यवस्था मिलाएको छ ।

## बाढीपहिरो प्रभावितलाई नेपाल बंगलादेश बैंकको सहयोग



**काठमाडौं/मस–**नेपाल बंगलादेश बैकले बाढी-पहिरोको कारणले प्रभावित स्थानियवासीहरुलाई आर्थिक सहायता उपलब्ध गराएको छ । आषाढ महिनादेखि परिरहेको लगातारको वर्षाले सिन्धुपाल्चोक जिल्लाको बाह्रविसे नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा प्रभावित स्थानियवासीहरुलाई बैंकले आर्थिक सहायता उपलब्ध गराएको हो ।

उक्त बाढी तथा पहिरोको कारण विस्थापित परिवारहरुलाई बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तरगत राहत वितरणका निम्ती बाह्रविसे नगरपालिका मार्फत आर्थिक सहयोग स्वरुप १ लाख रुपैयाँको चेक हस्तान्तरण गरेको हो । उक्त बाढी तथा पहिरोको कारण हुन गएको क्षती प्रति नेपाल बंगलादेश बैंक बाह्रविसे शाखा तथा बैंक परिवारले गहिरो दु:ख ब्यक्त गरेको छ ।




## मालपोत कार्यालय परासीमा प्रभु बैंकको एक्स्टेन्सन काउण्टर

गौरीशंकर जयसवाल/मध्यान्ह
काठमाडौं, १४ साउन

परासी, १४ साउन । प्रभु बैक शाखा परासीले शाखा संजाल बिस्तार क्रममा ४९औ एक्स्टेन्सन काउण्टर संचालन ल्याएको छ । शाखाले ४९ औं एक्स्टेन्सन काउण्टर मालपोत कार्यालय परासीमा संचालनमा ल्याएको हो । एक्स्टेन्सन काउण्टरको मालपोत कार्यालयका निमित्त प्रमुख वेदप्रसाद भण्डारी र प्रभु बैंकका प्रदेश ५ प्रमुख सुवास कुंवरले संयुक्त रुपमा आज उद्घाटन गरेका छन ।

एक्स्टेन्सन संचालनमा आएपछि मालपोत कार्यालयमा आउने सेवाग्राहीहरुलाई राजश्व तिर्न अब बिना झण्झट राजश्व तिर्न सहज भएको लेखापढी कानुन व्यवासयी एशोसीएनका प्रदेश सदस्य अर्जुन क्षेत्रीले बताए । उनले भने मालापोत कार्यालयको राजस्व अव सोही काउण्टरबाट जम्मा हुन्छ । मालपोत कार्यालयमा आउने सेवाग्राहीहरुले अब विना झण्झट प्रभु बैंकको एक्स्टेन्सन काउण्टरमा रहेको सम्बन्धित मालपोत कार्यालयको खातामा राजश्व रकम जम्मा गरी सरल र सहज रुपमा मालपोत कार्यालयको काम गर्न सहज हुने प्रभु बैंक परासी शाखा प्रमुख दीर्घ न्यौपाने बताए । प्रभु बैंकले २०८ वटा शाखा कार्यालय, १८१ वटा एटिएम तथा ४९ वटा एक्स्टेन्सन काउण्टरहरु मार्फत अत्याधुनिक प्रविधियुक्त गुणस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्दै आएको बर्दघाट शाखा प्रमुख शेषमणि पटेलले जानकारी दिए । बैकका १४ लाख बढी ग्राहक रहेका छन् ।

prabhu Bank

## दोहोरो अंकले घट्यो नेप्से

**काठमाडौं/मस–**नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सातको चौथो दिन बुधबार घटेको छ। आज नेप्से २३ दशमलव ३६ अंकले घटेर १ हजार ४३१ दशमलव ५२ विन्दुमा कायम भएको हो। नेप्सेका अनुसार आज एक अर्ब ६८ करोड बढीको कारोबार भएको छ। आज नेप्सेमा सबै समूह राताम्मे भएका छन् ।

ति मध्ये पनि बाँणिज्य बैंक समुहको सुचक २१ दसमलव ७६ अंकले घटेर १२ सय ३३ दसमलव ४९ बिन्दुमा झर्दा निर्जिवन बीमा समुहको सुचक पनि एक सय ५९ दसमलव ८७ अंकले घटेर छ हजार पाँच सय २६ दसमलव १३ बिन्दुमा झरेको छ । यसैगरी जीवन बीमा समुहको सुचक पनि एक सय ९० दसमलव ८२ अंकले घटेर आठ हजार पाँच सय ६१ दसमलव १४ बिन्दुमा झर्दा लघुबित्त, जलबिद्युत, ट्रेडिङ, होटल, फाईनान्स, उत्पादनमुलक, अन्य र सामुहिक लगानी कोष समुहको सुचक पनि घटेकाछन् ।

आज बढी कमाउने कम्पनीको सुचीमा पहिलो स्थानमा परेको युनियन हाईड्रो पावर कम्पनी लिमिटेडको प्रतिकित्ता सेयर मुल्य १० रुपैयाँले बढेर ५५ रुपैयाँमा कारोवार भएको छ भने बढी गुमाउने कम्पनीको सुचीमा पहिलो स्थानमा परेको जनउत्थान सामुदायिक लघुबित्त बित्तीय संस्थाको प्रतिकित्ता सेयर मुल्य नौ रुपैयाँ ४५ पैसाले घटेर १४ सय ८५ रुपैयाँमा कारोवार भएको छ। यसैगरी बढी रकम कारोवारका आधारमा पहिलो स्थानमा परेको नेपाल पुर्नबीमा कम्पनीको प्रतिकित्ता पाँच सय ८४ रुपैयाँ अन्तिम मुल्यमा १५ करोड ७१ लाख एक सय पाँच रुपैयाँको कारोवार भएको छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**